जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ७१ • २०८२ साल साउन १४ गते बुधवार (30 July, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## सिचाइँका लागि प्रतियुनिट तीन रुपैयाँमै बिजुली

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल विद्युत प्राधिकरणले आठ रुपैयाँ प्रतियुनिट पर्ने बिजुली तराइको सिचाइँका लागि तीन रुपैयाँमा दिने जानकारी दिएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सुख्खाग्रस्त क्षेत्र मधेश प्रदेशका विभिन्न जिल्लामा तत्कालै ५ सय बोरिङ खन्ने घोषणा गरेपछि विद्युतको आपूर्तिका अवस्था बुझ्न जनकपुरधाम आएका नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले जनकपुरधाममा वितरण केन्द्रका प्रमुखहरूसँग छलफलमा सिचाइँका लागि मूल्य घटाइने बताए ।

विद्युत कार्यालयका प्रमुखहरुसंगको छलफलका क्रममा सुख्खाग्रस्त मधेशमा बोरिङ गाड्ने घोषणापछि विद्युतको आपूर्ति कसरी गर्न सकिन्छ भनेर आफैं फिल्डमा खटिएको उनले बताए ।

मधेश प्रदेशका सिराहा, धनुषा, महोत्तरी, सप्तरी, सर्लाहीलगायतका जिल्लाका प्राधिकरणको जिल्ला नेतृत्वसँग बोरिङ खन्ने ठाँउमा विद्युत आपूर्तिका लागि प्राधिकरणले बनाउनुपर्ने रणनीतिका बारेमा छलफल गरिएको निर्देशक शाक्यले बताए ।

सिचाइँका लागि विद्युत आपूर्ति गर्न प्राधिकरण तयार रहेको भए पनि कहाँकहाँ जोडिने भन्नेकुरा सम्बन्धित निकायबाट आउन नसकेको उनले बताए ।

### पीडित युवतीको पूर्वप्रदेश प्रमुख अहिराजविरुद्ध बयान

# न्यूनतम सात वर्ष कैद सजाय माग गर्दै करणी मुद्दा दर्ता

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख राजेश अहिराज भनिने राजेश झाविरुद्ध बलात्कार आरोपमा अदालतमा मुद्दा दायर भएको छ ।

एक युवतीलाई उनको निवासमै पुगेर करणी गरेको अभियोगमा अहिराजविरुद्ध किटानी जाहेरी परेपछि उनी केही महिनादेखि फरार थिए ।

साउन ४ गते पक्राउ परेका पूर्वप्रमुख झालाई ९ दिनमै प्रहरीको अनुसन्धान प्रतिवेदनको आधारमा सरकारी वकिल कार्यालय काठमाण्डुले जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

उनीविरुद्ध एक युवतीलाई बलात्कार गरेको आरोप छ । आफूलाई ४ जेठ २०८१ मा काठमाण्डुको नयाँ बानेश्वरस्थित आफ्नै डेरामा अहिराजले बलात्कार गरेको आरोप लगाइएको छ । एक्लै कोठामा बसेका बेला अहिराजले आएर बलात्कार गरेको पीडितको भनाइ छ । उनीहरूबीच पहिल्यै चिनजान थियो ।

उनीविरुद्ध मुलुकी फौजदारी अपराधसंहिता २०७४ को दफा २१९ मा उल्लेख बलात्कार गर्न नहुने कसुरमा अनुसन्धान गरिएको थियो । दफा २१९ को उपदफा २ को कसुर गरेको भन्दै खण्ड (ङ) बमोजिमको सजाय मागदाबी गरिएको छ ।

(ङ) अनुसार १८ वर्ष वा सोभन्दा माथिको उमेरकी महिलालाई बलात्कार गरेमा सात



वर्षदेखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । पीडित युवतीले आफूमाथि एक्लै भएको मौकामा अहिराजले बलात्कार गरेको बताइन् । नजिकका नातेदारबाट अहिराजसँग चिनजान भएको उनले बताइन् । चिनजान भएकाले अहिराज आफ्नो घरमा पटक पटक आउने गरे पनि उनले बयानका क्रममा भनेकी छन् ।

त्यतिबेलादेखि नै उनी आफूसँग नजिक हुन खोजेको पीडित युवतीले बताइन् । विराटनगरकी ती युवती केही समयपछि अध्ययनका लागि काठमाण्डु आएकी थिइन् । बानेश्वरमा उनी डेरा गरेर बस्दै आएकी थिइन् । आफ्नै कोठामा आएर अहिराजले बलात्कार गरेको उनले बताइन् ।

'म काठमाण्डु आएको थाहा पाएपछि बानेश्वर स्थित मेरो डेरागरी बसेको कोठामा पनि आउने जाने गर्न थाल्नु भयो । मेरो बुवा आमा घरपरिवारका सम्पूर्ण सदस्यसँग उनको राम्रो चिनजानी भएको फाइदा उठाइ कुनियत राखी २०८१ जेठ ४ गतेका दिन ममाथि बलात्कार भयो,' पीडित युवतीले भनिन् । कोठामा एक्लै बसेका बेला 'जरुरी कुरा गर्नुछ, तपाईंको परिवारबाट सन्देश ल्याएको छु' भन्दै अहिराज ती युवतीको कोठामा गएको अनुसन्धानका क्रममा पाइएको छ ।

'के सन्देश ल्याएको फोनमा नै भनेको भए हुन्थ्यो । म एक्लै भएको ठाउँमा किन आउनु भएको भनी मैँले भनिरहँदा, उहाँले तिमी किन डराएको तिम्रो घरपरिवारसँग चिनजान भएको हुनाले निर्धक्क भएर बस भन्नु भयो,' पीडित युवतीले बयान दिएको छ ।

पानी दिए लगत्तै कोठाको चुकुल लगाएर आफ्नो मुख थुन्दै बलात्कार भएको पीडित युवतीले बताएकी छिन् ।

'मैले किन चुकुल लगाउनु भएको भन्दा सिधा आएर मेरो मुख थुनी मलाई विस्तारामा पछार्नु भयो । हल्ला गर्ने चिच्याउने काम गरेमा तेरो आफ्नै बेइज्जत हुन्छ । म त छोरा मान्छे, मलाई केही हुने होइन भन्दै धम्की दिइ मेरो घाँटी, मुख बेस्सरी थिच्न थाल्नुभयो । त्यति भन्दा पनि मैले चिच्याउने प्रयास गरिरहेको थिएँ । तर अब चिच्याइस् भने करणी गरेर मारिदिन्छु,' युवतीले भनिन् ।

मार्ने धम्की दिँदै आफ्नो अस्मिता लुटेको युवतीले बताएकी छन् । उनले भनिन्, 'तेरो घरका व्यक्तिहरू पनि यहाँ छैनन् । तलाई कसले मा-यो, कसैलाई पनि थाहा हुँदैन, नेपालमा पैसा र पावर हुने कै कानुन छ भन्दै धम्की दिँदै मेरो अस्मिता लुटियो,' युवतीले प्रहरीसमक्ष भनेकी छिन्, 'लगातार करणी पश्चात मेरो संवेदनशील अंगबाट रगत बगिरहेको थियो । अब छोडिदिनुहोस् भनि पटक-पटक बिन्ती गर्दै उम्किने प्रयास गर्दा समेत जवर्जस्ती करणी गरिरहे ।'

बलात्कारपछि कुरा बाहिर ल्याएर उल्टै मधेशी समुदायले बहिष्कार गर्ने धम्की दिएको पनि युवतीले बताइन् ।

जिल्ला सरकारी वकिल कार्यालयका अनुसार उनलाई सात वर्षदेखि दश वर्षसम्म कैद सजाय र पीडितलाई तीन लाख क्षतिपूर्तिको माग गरिएको छ ।

किटानी जाहेरी परेपछि अहिराजले भित्रभित्रै कसुर लुकाउने प्रयास गरेका थिए । तर असम्भव भएर अनुसन्धान प्रक्रिया अघि बढेपछि उनी फरार भएका थिए । उनी नेकपा एमालेसँग आबद्ध छन् ।

अनुसन्धान अधिकारीसमक्ष पीडित युवतीले आफूलाई कोठामै आएर अहिराजले मुख थुनेर जवर्जस्ती करणी गरेको बताएकी छन् । आफूले ज्यान जोगाउने प्रयास गर्दागर्दै चुक्कुल लगाएर भाग्नेसमेत नदिएर घटना घटाएको पीडितको दाबी छ ।

अहिराजले भने पीडितसँग पहिल्यैदेखि पारिवारिक सम्बन्ध रहेको, काठमाण्डुमा आएर अध्ययन गर्न सहयोग गरेको, विदेश पढ्न जान खोज्दा युवती असफल भएपछि कुलतमा फसेको र आफूले परिवारसँग मिलाउने प्रयास गरेको दाबी गरेका छन् ।










# फोहोरपानी प्रशोधन केन्द्र निर्माण



काठमाण्डु । मेलम्ची खानेपानी आयोजनाको उपआयोजना-२ अन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) द्वारा काठमाडौँ, ललितपुर र भक्तपुरमा दुई फोहोरपानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भएका छन् ।

काठमाडौँको गुह्वेश्वरीमा प्रतिदिन तीन करोड २४ लाख लिटर फोहोरपानी प्रशोधन क्षमताको 'गुह्वेश्वरी फोहोरपानी प्रशोधन केन्द्र' निर्माण गरी सञ्चालनमा ल्याइएको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रुमख लक्ष्मीराज उपाध्यायले जानकारी दिनुभयो । उहाँका अनुसार पशुपति क्षेत्रभन्दा उपल्लो तटीय क्षेत्रबाट आउने फोहोरपानी प्रशोधन गरी सफा र स्वच्छ पानी बाग्मती नदीमा प्रवाह गर्ने उद्देश्यले केन्द्र निर्माण गरिएको हो । ललितपुरको धोवीघाटमा निर्माणाधीन दुईमध्ये प्रतिदिन तीन करोड ७० लाख लिटर फोहोरपानी प्रशोधन क्षमताको एउटा प्रशोधन केन्द्र निर्माण सम्पन्न भएको छ ।

धोवीघाटकै अर्को फोहोरपानी प्रशोधन केन्द्रसहित कोड्कु र भक्तपुरको सल्लाघारीमा पनि फोहोरपानी प्रशोधन केन्द्र निर्माण जारी छ । निर्माणाधीन केन्द्रमध्ये धोविघाटकै अर्को केन्द्रको फोहोरपानी प्रशोधन क्षमता प्रतिदिन तीन करोड ७० लाख लिटर, कोड्कुको एक करोड ७५ लाख लिटर र सल्लाघारीको एक करोड ४२ लाख लिटर रहनेछ ।

त्यसैगरी, निर्देशनालयबाट ललितपुर महानगरपालिकाको समेत सहयोगमा ऐतिहासिक पाटन दरबार क्षेत्र र आसपासका क्षेत्रमा युनेस्कोको मापदण्डमा रहेर ढल प्रणाली निर्माण गरिएको छ । यस कार्यबाट उक्त ऐतिहासिक क्षेत्रमा वर्षायाममा सडक जलमग्न हुने र ढल तथा मङ्गल जाम हुने समस्या समाधान भएको प्रमुख उपाध्यायले बताउनुभयो । निर्देशनालयले निर्माण सम्पन्न भएका पानीपोखरी, थोक वितरण प्रणाली र त्रिभुवन विश्वविद्यालयसहित कुल ३३ खानेपानी वितरण प्रणाली (डिएमए) मध्ये १४ वटाको स्वामित्व काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिसकेको छ ।

कीर्तिपुर र आरूबारीमा निर्माण गरिएका दुई पानीपोखरी तथा बाँकी रहेका १९ खानेपानी वितरण प्रणालीमध्ये ११ वटाको स्वामित्व हस्तान्तरण गर्ने तयारी रहेको आयोजना कार्यान्वयन निर्देशनालयका प्रवक्ता विकेश बधानथाछेले जानकारी दिनुभयो । काठमाडौँ उपत्यकामा आगलागी नियन्त्रणका लागि सबै खानेपानी वितरण प्रणाली (डिएमए) हरूबाट दमकलमा पानी भर्न तथा सिधै पाइप जोडेर आगलागी नियन्त्रण गर्न सकिने गरी कुल ३४८ फायर हाइड्रेड प्रणालीको व्यवस्था गरेको निर्देशनालयले जनाएको छ ।रासस

# करोडौँको सरकारी भवन प्रयोगविहीन, भाडाको घरमा गाउँपालिका

सिरहा । जिल्लाको विष्णुपुर गाउँपालिका-१ गौरीपुरस्थित लक्ष्मीनियाँधार किनारमा निर्माण गरिएको करोडौं लगानीको ' विष्णु भवन' वर्षौंदेखि प्रयोगविहीन अवस्थामा छ । वृद्धाश्रम सञ्चालनको उद्देश्यले करिब रु तीन करोडमा बनेको उक्त भवन अहिले जर्जर बन्दै गएको छ ।

भवन निर्माणका लागि सुरुमा रु दुई करोड ५० लाखको बजेट भान्साघर र आवश्यक पूर्वाधार रहेको सो भवनको झ्याल, ढोका, शौचालयमा क्षति हुन थालेको छ । स्थानीय नागेश्वर यादवले भन्नुभयो, "सरकारी रकमले बनेको भवन यतिकै अलपत्र छ, तर पालिकाले लाखौं तिरेर भाडामा बसिरहेको छ ।"

गाउँपालिकाका लेखा सहायक गङ्गाप्रसाद यादवका अनुसार पालिकाले हाल चारवटा




ल्याइएको थियो भने ठेक्का सम्झौता रु दुई करोडमा गरिएको थियो पछि भान्साघर निर्माणका लागि थप रु एक करोड खर्च भएको पूर्ववडाध्यक्ष गोविन्द्र यादवले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "मैले जुन उद्देश्यले भवन बनाएको थिएँ, त्यो हुन नसके पनि अहिले कम्तीमा पालिकाको कार्यालय चलाउँदा भवनको सुरक्षा र सरकारी रकमको बचत हुन्थ्यो ।" २४ वटा कोठा, छुट्टै छुट्टाछुट्टै भवन भाडामा लिएको छ, जसमा वार्षिक रु १२ लाखभन्दा बढी खर्च भइरहेको छ ।

पालिका अध्यक्ष सत्यनारायण यादवले भवनमा प्राविधिक शिक्षालय सञ्चालन गर्ने पहल गरिरहेकाले सिटिइभिटीसँग समन्वय भइरहेको जानकारी दिनुभयो तर, अन्य जनप्रतिनिधिले अध्यक्षको भनाइ भ्रम छर्ने प्रयास मात्र भएको आरोप लगाएका छन् ।रासस

# मटिहानीको पौराणिक झुलानोत्सव पर्व सुरु



जलेश्वर। महोत्तरी जिल्लाको मटिहानी नगरपालिका-७ मा अवस्थित प्रसिद्ध लक्ष्मीनारायण मठमा परम्परागत रूपमा मनाइँदै आइएको पौराणिक झुलनोत्सव पर्व सुरु भएको छ ।

मंगलबारदेखि आगामी पूर्णिमाको दिनसम्म मनाइने झुलनोत्सवका अवसरमा लक्ष्मीनारायण मठ मटिहानीबाट प्रत्येक दिन साँझपख कलात्मक पालकीमा बाजागाजाका साथ भगवान् रामसीताको मूर्ति राखी भजन कीर्तन गर्दै झुलाघरमा लगिन्छ भने अबेर रातिसम्म झुला झुलाइन्छ ।

महोत्तरीको लक्ष्मीनारायण मठ, धनुषाको जनकपुरधामस्थित राममन्दिर र जानकी मन्दिर, सर्लाही, सिराहा, सप्तरी र भारतको तिरहुत क्षेत्र विहारका विभिन्न मठ मन्दिरमा झुलापर्व धुमधामका साथ मनाइने परम्परा छ । झुला घरमा रामसीताको मूर्ति राखी धार्मिक गीत र भजनकीर्तनका साथ राति अबेरसम्म झुला झुलाउने गरिएको कुरा लक्ष्मीनारायण मठ मटिहानीका मानमहन्थ रविन्द्रदास वैष्णवले बताउनुभयो ।

भगवान् रामसीता साउन महिनामा यसैगरी झुलाझुलेको सम्झना गर्दै झुलनोत्सव मनाइने गरिन्छ । सो झुलाका अवसरमा मटिहानीमा मेलाकोसमेत आयोजना गरिएको छ। मिथिला क्षेत्रमा साउन महिनाको दोस्रो साता चढेपछि झुलापर्वको रौनक सुरु हुन्छ। यस अवसरमा मिथलाञ्चलको प्रत्येक मठ मन्दिरमा कजरी र मलारजस्ता गीतको स्वरलहरी सुनिन्छ।

झुलापर्व त्रेतायुगदेखि प्रारम्भ भएको जनविश्वास रहिआएको वैष्णवले बताउनुभयो । उहाँका अनुसार जोगी सन्यासीले आफ्ना आराध्य खेलाई झुलाउने परम्परा छ । वृन्दावनमा पनि यो झुला कृष्णलीलाका रूपमा मनाइने गरिएको जलेश्वर नगरपालिका-५ का संस्कृतविद् ध्रुव रायले बताउनुभयो ।

पन्ध्र दिनसम्म चल्ने यस झुलनोत्सवका अवसरमा मटिहानीको घर घरमा पाहुनासमेत आउने र झूलापर्व तथा मेलामा सहभागी हुने गरेको मटिहानी नगरपालिका-६ का दीपेन्द्र मण्डलले बताउनुभयो ।

मटिहानीका झुलापर्वको आकर्षणका लागि त्यहाँ सर्वसाधारण बालबालिकालाई पनि झुलाको आनन्द लिन मेसिनमा चल्ने झुलाका साथै ठूलो मेलाको आयोजना गरिएको छ ।रासस

# जलवायु परिवर्तनका चुनौतीको समयमै समाधान गर्नुपर्छः उपराष्ट्रपति

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले मानव-वन्यजन्तु द्वन्द्व, बासस्थानको खण्डीकरण र जलवायु परिवर्तनजस्ता चुनौतीको समयमा समाधान गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

'अन्तरराष्ट्रिय बाघ दिवस' का अवसरमा मंगलबार शुभकामना व्यक्त गर्दै उहाँले मानव-वन्यजन्तु द्वन्द्व, बासस्थानको खण्डीकरण, जलवायु परिवर्तनका असर चुनौतीका रूपमा रहेकाले ती चुनौतीको सबै मिलेर समाधान गर्नुपर्ने धारणा राख्नुभयो। "बाघ संरक्षणबाट पर्या-पर्यटनको विकासमा टेवा पुग्न सक्छ। बाघ संरक्षित क्षेत्रमा पर्यटन प्रवर्द्धन गरी आर्थिक लाभ लिन सकिन्छ", उहाँले भन्नुभयो।



उपराष्ट्रपति यादवले विश्वमा बाघको छाला, दाँत र हाडका लागि गरिने अवैध सिकारका कारण बाद्धको सङ्ख्या बट्दै जाँदा चिन्ताजनक अवस्थामा पुगेको उल्लेख गर्दै तीव्र रूपमा बढ्दो वनजङ्गल फँडानी, डढेलो र अव्यवस्थित सहरीकरणका कारणबाट हुने वन विनाशले बाघको बासस्थान बर्सेनि सङ्कटमा परिरहेको बताउनुभयो ।

शुभकामना सन्देशमा भनिएको छ, "बाघ संरक्षणमा पछिल्लो दशकमा नेपालले उल्लेखनीय सफलता हासिल गरेको छ, यो सफलता सरकार, स्थानीय समुदाय, सङ्घसंस्था र अन्तरराष्ट्रिय साझेदारहरूको प्रयासबाटसम्भवभएकोहो।संरक्षित क्षेत्रहरूको सन्तुलित व्यवस्थापन, चोरीसिकारी नियन्त्रण, जनचेतना, जनसहभागितालगायत महत्त्वपूर्ण कदमबाट नेपालमा बाघको सङ्ख्या बढ्दै गएको हो, नेपालमा बाघको सङ्ख्या बढेसँगै चुनौती पनि उत्तिकै थपिएका छन् ।"

उपराष्ट्रपति यादवले बाघको अस्तित्व जोगाउनु एउटा प्रजातिको रक्षामात्र नभई सो विषय वातावरणीय सन्तुलनसँग जोडिएकाले सबैको सहकार्य र समन्वयबाट संरक्षणमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "बाघले जैविक विविधता कायम राख्न सहयोग गर्दछ, अन्तरराष्ट्रिय बाघ दिवसले हामी सबैलाई बाघ संरक्षणको साझा जिम्मेवारीसहित एकजुटताका साथ अघि बढ्न अभिप्रेरित गर्न सकोस् । दिवसले बाघ संरक्षणको महत्त्वपूर्ण अभिभारालाई दत्तचित्त र सक्रियताका साथ पूरा गर्न सबैलाई उत्प्रेरित गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।"

बाघ एउटा सुन्दर र पारिस्थितिक दृष्टिले महत्त्वपूर्ण वन्यजन्तुमध्येको एक हो । विश्वभरी यसको संरक्षणमा टेवा पुऱ्याउने उद्देश्यले हरेक वर्षको जुलाई २९ तारिखलाई ' अन्तरराष्ट्रिय बाघ दिवस' का रूपमा मनाइन्छ । रासस

# मन्त्री खड्काद्वारा महाकाली सिँचाइ आयोजनाको नहर अवलोकन

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले महाकाली सिँचाइ आयोजनाअन्तर्गत निर्माणाधीन तेस्रो मूल नहरको स्थलगत निरीक्षण गर्नुभएको छ ।

उहाँले सोमबार कञ्चनपुरमा महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको निर्माणाधीन नहरको अनुगमन तथा निरीक्षण गर्दै आयोजना समयमा सम्पन्न गर्न सरकार गम्भीर रहेको बताउनुभयो।

मन्त्री खड्काले आयोजनाको वर्तमान कार्यप्रगति सराहनीय रहेकाले भन्दै तोकिएको लक्ष्य हासिल गर्न अझ प्रभावकारी रूपमा काम अघि बढाउन सम्बन्धित निकायलाई निर्देशन दिनुभयो । उहाँले निरीक्षणका क्रममा महाकाली सिँचाइ आयोजना सुदूरपश्चिमको समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको आयोजना भएको बताउनुभयो ।



"किसानको खेतमा पानी पुऱ्याउन सरकार पूर्ण प्रतिबद्ध छ, कुनै कमजोरी हुन दिइने छैन", मन्त्री खड्काले भन्नुभयो । राष्ट्रिय गौरवको आयोजनालाई समयमा सम्पन्न गर्न सरकार पूर्ण प्रतिबद्ध रहेको उहाँको भनाइ छ ।

टनकपुर ब्यारेजमार्फत प्राप्त पानी प्रयोग गरी सञ्चालनमा ल्याइएको उक्त आयोजनाले कञ्चनपुरको ब्रह्मदेव, मालाखेती, दोधारा-चाँदनी र त्रिभुवनबस्ती क्षेत्रका ३३ हजार ५२० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ।

हालसम्म ३० किलोमिटर मूल नहर र करिब १२ किलोमिटर शाखा नहर निर्माण भइसकेको छ भने करिब ६५० हेक्टर जमिनमा सिँचाइ संरचना तयार भइसकेको छ । आयोजनाको समग्र भौतिक प्रगति हाल २४ दशमलव २२ प्रतिशत पुगेको छ भने चालु आर्थिक वर्षको पहिलो आठ महिनामा ८३ दशमलव ९७ प्रतिशत भौतिक प्रगति हासिल भइसकेको आयोजना कार्यालयले जनाएको छ।

मन्त्री खड्काले महाकाली सिँचाइ आयोजनाजस्ता योजनाले स्थानीय उत्पादन क्षमतामा वृद्धि गरी राष्ट्रिय समृद्धिमा महत्त्वपूर्ण टेवा पुऱ्याउने छ रासस

# नहर छ, पानी छैन

सिरहा । लहान-१० स्थित ग्रामीण चोकबाट उत्तरतर्फ खुट्टी नदीसम्म सहरी क्षेत्रमा फैलिएको खुट्टी सिँचाइ नहरको अवस्था अत्यन्तै दयनीय बनेको छ । प्रदेश सरकारको रु आठ करोड ७२ लाख लगानीमा २०७८ सालमा निर्माण भएको नहर हाल अलपत्र अवस्थामा पुगेको छ ।

सिँचाइका लागि निर्माण गरिएको नहर अहिले ठाउँठाउँमा जमेको फोहर, झारपात र ढल मिसिएको पानीले दुर्गन्ध फैलाउने अवस्थामा पुगेको छ । स्थानीयवासी तथा खुट्टी नहर सिँचाइ सङ्घर्ष समितिले पटकपटक आवाज उठाउँदा पनि सम्बन्धित निकायले बेवास्ता गर्दै आएको जनाइएको छ ।

सङ्घर्ष समितिका संयोजक धर्मराज चौधरी, सदस्य हेमन्त यादव, अजय चौधरीलगायतले मधेस प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी समक्ष सोमबार गुनासो पोख्दै नगर मर्मत गर्न आग्रह गरेका छन् । उहाँहरूले नहर सञ्चालनका लागि छुट्याइएको रु १५ लाख अपार्याप्त रहेको जनाउँदै पुनः ध्यानाकर्षण गराउनुभएको छ ।मन्त्री लेखीले किसानहरूको समस्या सम्बन्धित मन्त्रालय र विभाग बढी जिम्मेवार रहेको औँल्याउँदै आफूबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आज समय शुभ छ। पराक्रम र प्रसिद्धि बढाउने समय छ। |
| वृष : | आर्थिक लगानी बढाउन अनुकुल छ। कारोबारमा सुधार आउने योग छ। |
| मिथुन : | दैनिक कामकाज सजिलै सम्पन्न हुनेछन्। घरपरिवारमा राम्रो छ। |
| कर्कट : | तपाईको राशिमा चन्द्रमाले साँझपख बाट प्रवेश गर्ने भएकाले उत्साह बढनेछ। |
| सिंह : | मिहिनेत गर्नुपर्छ, जे गरे पनि सफलता आर्जन हुने दिन छ। |
| कन्या : | काममा सोचेजस्तै सफलता मिल्नुका साथै उन्नति गर्ने अवसर प्राप्त हुने योग छ। |
| तुला : | दान, पुण्यका कार्यमा आकर्षण बढ्नेछ। |
| वृश्चिक : | कडा परिश्रम व्यर्थै खेर जान सक्छ। |
| धनु : | घुमघाम, घेटघाट र मनोरञ्जनमा दिन बित्नेछ। |
| मकर : | शारीरिक प्रतिस्पर्धा र तर्क, विवाद वा न्याय सम्पादनका सिलसिलामा लाभ प्राप्त हुनेछ। |
| कुम्भ: | मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। |
| मीन : | घरपरिवारभित्रका विविध समस्याका रुमल्लिनु पर्नेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# दिसामा पाइने कीटाणु भेटिएपछि तालाबन्दी गरिएका पानी उद्योगको ताला खुल्यो

भक्तपुर । यहाँको झौखलेका केही खानेपानी उद्योगमा प्रदूषित पानी बिक्री गरेको पाइएपछि तालाबन्दी गरिएका उद्योग आजदेखि सञ्चालनमा आएका छन् ।

बजारमा बिक्री हुँदै आएको पानीमा दिसामा हुने कीटाणु कोलिफार्म भेटिएपछि चाँगुनारायण नगरपालिकाले बिक्री वितरणमा प्रतिबन्ध लगाउँदै नगरपालिका-३ झौखेलमा सञ्चालित पाँचवटा पानी उद्योगमा तालाबन्दी गरेको थियो ।

नगर उपप्रमुख एवं अनुगमन समितिका संयोजक रमेश बुढाथोकीले त्यस्ता उद्योगलाई उद्योग वाणिज्य सङ्घलगायतको टोलीले उद्योगको अनुगमन गरी नमूना सङ्कलन गरेको थियो । नमूना परीक्षणपछि कोलिफार्म भेटिएको थियो । त्यसलगत्तै नगरपालिकाले ती उद्योगबाट पानी बिक्री वितरणमा प्रतिबन्ध लगाएको थियो ।

यस्ता उद्योगमा अक्वा कर्णाली खानेपानी, जय छुमा गणेश खानेपानी, ओके मिनिरल वाटर प्रालि, झौखेल खानेपानी उच्च वेभरेज प्रालि, एसएन टप वेभरेज प्रालि, ओके मिनिरल वाटर खानेपानी उद्योग, झौखेल खानेपानी उद्योग रहेका छन् ।

नगर उपप्रमुख बुढाथोकीले भन्नुभयो, "हामीले पानीको पुनः



बिक्री वितरणमा प्रतिबन्द लगाउँदै तालाबन्दी गरिएकामा सम्पूर्ण रूपमा शुद्धता सुनिश्चित गरिएपछि मंगलबारदेखि सञ्चालन गर्न दिइएको बताउनुभयो ।

त्यहाँका उद्योगको पानी प्रदूषित रहेको गुनासो आएपछि यही साउन ९ र ११ गते उपप्रमुख बुढाथोकीको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, प्रहरी, प्राविधिक, उपभोक्ता मञ्च, परीक्षण गर्यौं, आज आएको रिपोर्टमा पानी शुद्धीकरण गरेको पाइयो, त्यसैले सञ्चालनका लागि अनुमति दिएका हौं । फेरि यस्तो भटिए कानुनअनुसार कारबाही गर्नेछौं ।"उहाँले सबै पानी उद्यागलाई नगरपालिकामा दर्ता एवं नवीकरण गर्न र शुद्धतामा ध्यान दिन आग्रह गरिएको बताउनुभयो ।रासस

# आर्थिक सङ्कट झेल्दै 'हाम्रो मायाघर'



महोत्तरी । अनाथ बालबालिका र सडक मानव व्यवस्थापनका लागि बर्दिबासमा निर्माण थालिएको 'हाम्रो माया घर' अहिले आर्थिक सङ्कट झेल्दैछ । गत वर्ष (२०८१) साउन ३० गते मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले शिलान्यास गरेपछि निर्माण थालिएको 'हाम्रो मायाघर' ले काम सम्पन्न हुनअघि अहिले आर्थिक अभाव झेल्नु परेको हो ।

बर्दिबास-२ मा दाताबाट प्राप्त पाँच कट्ठा १० धुर जग्गामा निर्माण थालिएको हाम्रो मायाघरमा १० करोड ६९ लाख ४५ हजार लागत लाग्ने विस्तृत परियोजना प्रस्तावमा उल्लेख छ । दुई भवनमध्ये कम लागत 'इष्टिमेट'को साढे दुई तलाको भवन अहिले बन्दैछ । दुई करोड ४७ लाख लागत इष्टिमेटको यो भवन सम्पन्न गर्न आर्थिक सङ्कट परेको हाम्रो मायाघर भवन निर्माण समितिका अध्यक्ष शम्भुप्रसाद भट्टराईले बताउनुभयो ।

"विस्तृत परियोजना प्रस्तावमा दुई भवन बन्ने उल्लेख छ, त्यसमध्ये हामीले कम लागतको भवन बनाउन थाल्यौं, त्यो पनि अहिले आर्थिक सङ्कटमा परेको छ", अध्यक्ष भट्टराई भन्नुहुन्छ, "आर्थिक सङ्कटले काम सक्न हम्मेहम्मे परेको छ ।"

'हाम्रो मायाघर' भवन निर्माणार्थ गत वर्ष (२०८१) साउन २१ देखि २९ सम्म बर्दिवासमा आयोजित शिवपुराण महायज्ञमा दाताहरुबाट रु दुई करोड ४० हजार प्राप्त हुने प्रतिबद्धता व्यक्त भएपछि भवन निर्माण थालिएको हो ।

तर, प्रतिबद्धताअनुसारको रकममध्ये हालसम्म एक करोड ६५ लाख मात्र प्राप्त हुँदा अहिले काम बढाउन आर्थिक सङ्कट परेको अध्यक्ष भट्टराईको भनाइ छ ।

"दाताबाट व्यक्त प्रतिबद्धतामध्ये ३५ लाखभन्दा बढी रकम आउन बाँकी छ, त्यो रकम प्राप्त हुँदा लगभग भवन निर्माणको काम सम्पन्न हुनसक्छ", अध्यक्ष भट्टराईले भन्नुभयो । आफूहरुले व्यक्त प्रतिबद्धताअनुसारको रकम दिन दाताहरुलाई अनुरोध गरिरहेको उहाँको भनाइ छ ।

विस्तृत परियोजना प्रस्तावमध्येको अर्को भवनको लागत अनुमान आठ करोडमाथि रहेको हाम्रो माया घर बर्दिबास समितिका अध्यक्ष कृष्णप्रसाद गौतम बताउनुहुन्छ । शिवपुराणमा व्यक्त प्रतिबद्धताअनुसार कम लागतको भवन बन्न रकम पुग्ने ठानेर निर्माण समिति गठन गरेर काम थालिएको उहाँले स्पष्ट पार्नुभयो ।

पछिल्लो चरणमा मधेश प्रदेश सरकार र बर्दिबास नगरपालिकाले 'हाम्रो मायाघर' निर्माणमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । विस्तृत परियोजना प्रस्तावअनुसार बालबालिका र अपाङ्गता मैत्री तथा भूकम्प प्रतिरोधी भवनको लागत इष्टिमेट बनेको हो ।

प्रस्तावअनुसार भवन निर्माण सम्पन्न हुँदा आश्रयविहीन सडक मानव र अनाथ बालबालिकासमेत २०० जनाको बसोबास, खानपान, स्वास्थ्योपचार र सम्भव भएसम्म शिक्षाको प्रबन्धसमेत गरिने समितिले जनाएको छ ।रासस

# सुक्खाग्रस्त समस्या समाधानका लागि अन्तरराष्ट्रिय संस्थाहरु सक्रिय



जनकपुरधाम । सरकारले मधेशलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गरेपश्चात् अन्तरराष्ट्रिय संस्थाको छाता सङ्गठन (एआइएन) मधेश प्रदेशले सक्रियता देखाएको छ ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले सुक्खाग्रस्त क्षेत्रमा तत्काल खानेपानी र सिँचाइ पु-याउन अनुरोध गरेपछि प्रदेशमा अन्तरराष्ट्रिय संस्थाहरुले नियमित गतिविधि साथै खानेपानी र सिँचाइको काम सुरु गरेका छन् ।

समाज कल्याण परिषद्ले पनि राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थालाई सुक्खा क्षेत्रको समस्या समाधानमा लाग्न अनुरोध गरेको थियो । सुक्खा क्षेत्रको प्रतिकार्यमा 'वास क्लस्टर', जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा अन्तरराष्ट्रिय संस्थाहरुले मधेशमा सुक्खाग्रस्त क्षेत्रमा स्थानीय साझेदार संस्थामार्फत प्रतिकार्य गरिरहेको 'एशोसिएसन्स अफ आईएनजिओ' (एआईएन) मधेश प्रदेशको सम्पर्क अधिकृत प्रमिल अधिकारीले जानकारी दिनुभयो ।

अधिकारीका अनुसार सेभ द चिल्ड्रेन नेपालले सर्लाहीको ईश्वरपुर नगरपालिका-१० मा १० हजार लिटर पानी ५३४ घरधुरीलाई वितरण गरेको छ । अक्सफाममार्फत रौतहटको चन्द्रनिगाहपुरमा २०० घरधुरी, सर्लाहीको हरिपुर, हरिवन र मलङ्गवामा २०० घरधुरीलाई सेलो ट्यूबवेल र खानेपानी वितरण गरेको छ ।

प्लान इन्टरनेसनल नेपालले धनुषा सबैला नगरपालिकामा एक हजार घरधुरीलाई पानीको जार वितरण गरेको छ । वर्ल्ड भिजन इन्टरनेसनल नेपालले महोत्तरीको एकडारा र सम्सी गाउँपालिकामा क्रमशः ५५ र ३१४ घरधुरी साथै सर्लाहीको हरिपुर्वामा ९३ र रौतहटको माधव नारायणमा ४२ घरधुरीलाई साना सिँचाइ सहयोग गरेको छ ।

स्लामिक रिलिफबाट रौतहटको राजपुर र चपुरमा एक हजार घरधुरीका साथै बाराको महागडीमाई र सुवर्णमा ५० घरधुरीलाई पुग्ने डिपबोरिङ सुरु गरेको छ । वाटर एडमार्फत सिराहाको लहान नगरपालिकामा ३०० दलित बस्तीमा खानेपानीका लागि चापाकल र पाइप वितरण गरेको छ । एसएनभीले प्रदेशको खानेपानीको अवस्थाबारे अध्ययन र अनुसन्धानमा सहयोग गरिरहेको छ ।

साथै धनुषा र महोत्तरीको पाँच पालिकामा डिपबोरिङको अध्ययन सुरु गरेको छ ।

अन्तरराष्ट्रिय संस्थाहरु पिपुल इन निड, एक्सन एड, गुड नेबर्स, युएमएन जस्ता संस्थाहरु योजना छनोट र स्थानीय तहसँग समन्वय भइरहेको छ । साथै राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा र बेलायत सरकारअन्तर्गत सञ्चालित 'स्टार्ट फन्डनेपाल'परियोजनाकार्यान्वयनमा सञ्चालनमा आएको छ । खडेरी प्रभावित पर्साको वीरगञ्ज, बहुरडरमाई, बाराको सिमसनगडी, रौतहटको परोहा नगरपालिका, सर्लाहीको कविलासी, सिराहाको लक्ष्मी पटहरी गाउँपालिका र सप्तरीको रुपनी, तिलाठी कोइलाडी र हनुमाननगरका १० पालिकामा लागू हुने यो कार्यक्रम आगामी ६० दिनसम्म सञ्चालन हुनेछ ।

स्टार्ट फन्ड नेपाल तथा साझेदार संस्थाहरूको समन्वयमा सञ्चालन हुने यो परियोजनाबाट आठ हजार ३५५ घरधुरीका करिब ४४ हजारभन्दा बढी नागरिक लाभान्वित हुनेछन् ।कार्यक्रमका लागि कुल रु दुई करोड ६० लाख ३३ हजार ४७६ बजेट विनियोजन गरिएको प्राधिकरणले जनाएको छ । साथै विश्व खाद्य कार्यक्रममार्फत रौतहटको माधवनारायण नगरपालिका र सप्तरीको हनुमाननगर र तिलाठी कोइलाडीमा स्यालो ट्यूबवेल, पम्पसेट, मोटरपाइप वितरण सुरु गरेको छ ।

अन्तरराष्ट्रिय संस्थाहरुले मधेश प्रदेशमा सुक्खाग्रस्त क्षेत्रको तत्काल र दीर्घकालीन समस्या समाधानका लागि प्रदेश सरकार, स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन सँग सहकार्य गर्दै स्थानीय साझेदार संस्थाहरुमार्फत काम भइरहेको र आगामी दिनहरुमा प्राथमिकता रहने छ । प्रदेश सरकारले दीर्घकालीन समस्या समाधानका लागि स्पष्ट नीति योजना ल्याउन आवश्यक छ ।रासस

# सांसदलाई हली बनाएपछि....

काठमाण्डु । सर्लाही क्षेत्र निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित सांसद रामप्रकाश चौधरी र मधेश प्रदेशसभा सदस्य उर्मिला सिंहलाई मङ्गलबार प्रहरीको भेषमा आएका महिलाले पक्राउ गरे ।

त्यसपछि उहाँहरुलाई गाउँलेले हलो जोत्न लगाए । अझ रोचक त महिलाहरु नै हल गोरु बनेर हलो तानेका थिए । लामो समयदेखि वर्षा हुन नसकेपछि ईश्वरपुर नगरपालिका-९ रामनगरका स्थानीयले जनप्रतिनिधिलाई पक्राउ गरेर हली बनाएका हुन् ।

त्यसो त यो स्थानीयले कुनै कारबाही गरेको वा जबर्जस्ती गरेका भने होइनन् । स्थानीय थारू समुदायमा लामो समयसम्म पानी परेन भने गाउँका महाजन, पटवारी र मुखियाजस्ता गन्यमान्यलाई त्यसरी पक्राउ गरी हलो जोत्न लगाउने प्राचीन परम्परा हो । सो समुदायमा पूजा गरेपछि इन्द्रदेवता खुसी हुने र पानी पर्ने विश्वास रहिआएको छ । खडेरी पर्दा स्थानीयले सांसद मात्रै




होइन वडाअध्यक्षलगायतका गन्यमान्यलाई समेत हली बनाएर रोपाइँको नक्कलको अभ्यास गराएका थिए ।

महिलाहरुले दुवै सांसदलाई घरबाटै पक्राउ गरेर खेतमा पु-याएका थिए । हलो जोत्ने क्रममा हलीको भूमिकामा रहेका जनप्रतिनिधिलाई गोरुको भूमिकामा जुवामा नारिएका महिलाले गोरुले झैँ लात्तीले हिर्काउने र रनफन पारेको सांसद चौधरीले बताउनुभयो ।

मधेश प्रदेशमा लामो समयदेखि वर्षा कम हुँदा सुक्खापन बढेर धान रोपाइँ प्रभावि बनेको छ । "गएराति परेको हल्का वर्षाबाट कृषकलाई केही राहत पुगे पनि रोपाइँका लागि मनसुन अनुकूल नहुँदा बीउ डढेको र रोपिएका धानका रोपो चिराचिरा परिसकेको छ," सांसद चौधरीले भन्नुभयो ।

कृषि विभागले यही साउन ११ गतेसम्म गत वर्षको तुलनामा सबैभन्दा कम रोपाइँ मधेश प्रदेशमा भएको जनाएको छ । विभागका अनुसार गत वर्षको तुलनामा मधेश प्रदेशमा यस वर्ष ४०.१८ प्रतिशत कम रोपाइँ भएको छ । गत वर्ष यस अवधिमा ९२ प्रतिशत रोपाइँ सम्पन्न भएकामा यस वर्ष ५१.८२ प्रतिशत मात्र रोपाइँ भएको हो । यस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमा रोपाइँ हुनेमा हालसम्म एक लाख ९३ हजार ११६.११ हेक्टरमा रोपाइँ सम्पन्न भएको छ ।रासस

# नीति निर्माण तहमा दलित महिलाको समान सहभागिता हुनुपर्ने माग




काठमाण्डु । दलित महिला सङ्घ (फेडो) ले राज्यका सबै संरचनामा जनसङ्ख्याको आधारमा दलित महिलाको सहभागितालाई हुनुपर्ने माग गरेको छ ।

फेडोको ३१औं स्थापना दिवसको अवसरमा यहाँ आज आयोजित कार्यक्रममा संस्थापक अध्यक्ष दुर्गा सोवले सङ्घीय संसद्, सरकार, अदालत र संवैधानिक निकायलगायत राज्यका सबै संरचनामा जनसङ्ख्याका आधारमा दलित महिलाको सहभागिता सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

उहाँले आर्थिक, सामाजिक र राजनीतिक रूपमा पछाडि परेका दलित महिलाले विगत आठ दशकदेखि सङ्घर्ष गरे पनि कार्यपालिका (सरकार), व्यवस्थापिका(संसद्)रन्यायापालिका (अदालत) मा सहभागिता अत्यन्त न्यून रहेकाले कानुन बनाएरै प्रतिनिधित्व बढाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "दोहोरो/तेहेरो विभेद् भोग्दै आएका दलित महिलाले विसं २००३ देखि अधिकारका निम्ति निरन्तर सङ्घर्ष गर्दै आएका छन्, तर पनि नीति निर्माण तहमा सोचेअनुसार सहभागिता हुन सकेको छैन ।"

विसं २०६३ मा पहिलो पटक अन्तरिम व्यवस्थापिका संसद्मा छ जना दलित महिला सांसद भएका थिए । त्यसपछि विसं २०६४ को संविधानसभामा २५ जना, २०७० मा बढ्नुपर्नेमा घटेर २२ जनामा सीमित भए । यसैगरी २०७४ सालको प्रतिनिधिसभामा त्यो सङ्ख्या अझै घटेर १४ मा पुग्यो । हाल प्रतिनिधिसभामा आठजना मात्रै दलित महिलाको प्रतिनिधित्व छ ।

राष्ट्रियसभामा दलित महिलाको प्रतिनिधित्व शून्य छ । फेडोका महासचिव रेणु सिजापतिले जातीय र लैङ्गिक विभेद्को उत्पीडनमा परेका दलित महिलाको सामाजिक न्याय, समानता, सम्मान तथा समग्र विकासको लागि फेडोले निरन्तर काम गर्दै आएको बताउनुभयो । विगतको तुलनामा राज्यका निकायमा दलित महिलाको केही मात्रामा प्रतिनिधित्व भए पनि त्यो पूर्ण नभएको उहाँको भनाइ छ । "राजनीतिक दल, अधिकारवादी संघसंस्था र दलित महिला संघलगायतको योगदानकै कारण प्रतिनिधित्वको सुरुआत भएको छ, तर यो प्रयाप्त छैन । उत्पीडनमा रहेकाहरूको थप प्रतिनिधित्व बढाउन कानुन बनाएरै कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ", महासचिव सिजापतिले भन्नुभयो ।

देशमा तीन तहका सरकार छन् । सात प्रदेशसभामा जम्मा ५५० सदस्य रहेकामा २०७४ सालमा जम्मा २४ जना दलित महिला सदस्य रहेकामा २०७९ मा २७ जनाको मात्र प्रतिनिधित्व छ ।

सङ्घीय सरकारको मन्त्रिपरिषद्मा हालसम्म एक जना दलित महिला पनि फूल मन्त्री बनेका छैनन् । सरकारमा दलित महिलाको सहभागिता हेर्दा विसं २०६६ मा दलित महिलाबाट पहिलो पटक कलावती पासवान भौतिक पूर्वाधार तथा निर्माण सहायकमन्त्री बन्नुभएको थियो । रासस

# नेपाल-भारत सीमा कार्यदलको सातौँ बैठक सम्पन्न

काठमाण्डु । नेपाल-भारत सीमा कार्यदलको सातौँ बैठक आज नयाँ दिल्लीमा सौहार्दपूर्ण र मैत्रीपूर्ण वातावरणमा सम्पन्न भएको छ । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नापी विभागका महानिर्देशक प्रकाश जोशीले गर्नुभएको थियोभने भारतीय प्रतिनिधिमण्डलको नेतृत्व त्यहाँको नापी विभागका महानिर्देशक हितेशकुमार एस. छ । बैठकले नेपाल र भारत सीमा क्षेत्रमा रहेका सीमास्तम्भहरूको निरीक्षण र मर्मतसम्भारकासँग सम्बन्धित संयन्त्रका कामलाई अझ प्रभावकारी बनाउन सर्वेक्षण र नक्साङ्कनमा नयाँ प्रविधि अपनाउने सहमति जनाएको छ ।

बैठक सहमतिपत्रमा हस्ताक्षरसँगै समापन भएको छ । दुवै पक्षले नापी विभागका




मकवानाले गर्नुभएको थिए।

बैठकले अगस्ट २०१९ मा देहरादूनमा आयोजित छैटौं बैठकको नतिजाको कार्यान्वयनको समीक्षाका साथै सोही वर्षको सेप्टेम्बरमा सोही स्थानमा २०१९ मा आयोजित ११ औं नापी विभागका अधिकारी सम्मिलित समिति बैठकको कार्य प्रगतिको समीक्षा गरेको परराष्ट्र मन्त्रालयले जनाएको अधिकारी सम्मिलित समितिको अर्को बैठक आगामी महिना नेपालमा र सीमा कार्यदलको अर्को बैठक दुवै देशलाई अनुकूल हुने मितिमा नेपालमा गर्ने सहमति जनाएका मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।


सीमा कार्यदल नेपाल र भारत सरकारद्वारा सन् २०१४ मा गठन भएको संयुक्त निकाय हो ।रासस


# Vacancy Announcement

**Poverty Eradication and Environment Preservation Nepal (PEEPN)** is a non-governmental organization based in Dhanusha District, Nepal. Established in 2064 B.S. PEEPN is dedicated to improving the socio-economic conditions of marginalized communities by addressing poverty, promoting sustainable environmental practices, and enhancing access to essential healthcare services. With a proven track record in implementing community-based health and development projects, PEEPN has successfully collaborated with government bodies, international organizations, and local stakeholders to achieve measurable impacts.

| Position | Required Number: | Minimum Qualifications and Experience: |
|---|---|---|
| **Program Coordinator** | 1 (One) Part-time/Contract-based | Bachelor's/master's degree in public health, Social Science, or relevant field. |
| | | Minimum 2-5 years of work experience in a similar field. |
| | | Good communication and report-writing skills in Nepali and English. |
| | | Computer proficiency (MS Word, Excel, PowerPoint). |
| | | Experience working with government systems and in federal structure preferred. |
| **Finance Officer** | 1 (One)Part-time/Contract-based | Bachelor's degree in management, Finance, Business Administration, or related field |
| | | Minimum 2–5 years of work experience in a similar role |
| | | Strong communication and report writing skills in both Nepali and English |
| | | Proficiency in MS Office applications (Word, Excel, PowerPoint) |
| | | Prior experience working with government systems and within the federal structure is preferred |
| **Program Focal Person** | 3 (Three) Full-time/Contract-based | CMA/ HA/ Staff Nurse with Minimum +2 (intermediate) passed; bachelor's degree preferred |
| | | Prior experience working with government systems and federal structures is an asset |
| **Sweeper** | 1 (One) Ful-time/Contract-based | Basic literacy preferred (not mandatory). |
| | | Ability to understand and communicate in the local language. |
| | | Previous experience in a similar role will be an added advantage. |
| | | Physically fit and committed to maintaining cleanliness and hygiene. |
| | | Honest, reliable, and punctual |

**Application Procedure:** Interested and eligible candidates are requested to submit their updated CV and a cover letter to the following email address by 5th July 2025Email: peepndhanusha@gmail.com
Phone: 041-591948



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सहकार्य आवश्यक छ

मधेश केन्द्रित राजनीतिक गर्ने दलहरुबीच सहकार्य आवश्यक छ । विगतमा पनि मधेशी दलहरुले मोर्चा बनाएर सहकार्य गरेका थिए । तर चुनावमा सहकार्य गर्न नसक्दा अपेक्षित परिणाम ल्याउन सकेन । मधेशी दलहरुले ठूला दलहरुसित सहकार्य गर्नाले त्यसको नकारात्मक प्रभाव परेको देखिन्छ । मधेशमै ठूला दल बलियो हुने र मधेशी दल कमजोर हुने प्रमुख कारणहरु मध्ये ठूला दलहरुसितको सहकार्य पनि हो । मधेश केन्द्रित दलहरु आफूबीच नै मोर्चा अथवा त्यसै सहकार्य गरे त्यसको परिणाम सकारात्मक आउने निश्चित छ । मधेश दलहरु आपसमा मिल्न सक्दा नागरिक सन्तुष्ट छैनन् । उनीहरुले अलग अलग भन्दा एकजुट भएर मधेशको मुद्दालाई सम्बोधन गराउन जोडबल गर्नुपर्ने बताउँछन् । मधेश केन्द्रित दलहरुको अहिले पनि एउटा लोकतान्त्रिक मधेशी मोर्चा सक्रिय भएको छ । त्यसमा अधिकांश साना ठूला मधेशी दलहरु सहभागी छन् । तर केही मधेशी दलहरु त्यसबाट अलग्गिएका छन् । जनता समाजवादी पार्टी(जसपा) नेपाल पहिलो चरणमै अलग भइसकेको थियो । पछिल्लो पटक जनमत पार्टीले पनि मोर्चाबाट अलग भएको घोषणा गरेको छ । लोकतान्त्रिक मोर्चामा रहेर हदैसम्मको लचिलो भएर दलहरुले काम गर्न आवश्यक छ । आफ्नो मात्र स्वार्थलाई अगाडि राखे मोर्चा विघटन हुन सक्छ । तर सबैको सामुहिक हितका लागि काम गरे मोर्चा झन बलियो हुनेछ । जनमत पार्टीले रुपन्देही जिल्लाको उपचुनाव हुन लागेको निर्वाचन क्षेत्र नम्बर ३ मा आफ्नो उम्मेदवार उठाउने घोषणा गरेको हो । तर मोर्चाले त्यहाँ नागरिक उन्मुक्ति पार्टी(नाउपा)का उम्मेदवारलाई समर्थन गर्नेमा सहमति बनाएको छ । विगतमा पनि नाउपाका उम्मेदवारले राम्रो मत ल्याएको सो क्षेत्रमा त्यसै दलको उम्मेदवारलाई सबैले समर्थन गरे परिणाम सुखद हुन सक्छ । ठूला दलहरुले त्यहाँ उम्मेदवार उठाउने निश्चित छ । मोर्चाबाट जनमत पार्टी बाहिरिनुको अन्य कतिपय कारण होला । तर अहिलेको अवस्थामा मोर्चा छाड्नु उसको लागि उपयुक्त निर्णय होइन । जनमत पार्टीको क्रान्तिकारी छवि धुमिलिएको छ । मधेश प्रदेश सरकारको नेतृत्व पाएको जनमत पार्टीले आफ्नो जनमतलाई सम्मान गर्न सकेको छैन । प्रदेशमा भ्रष्टाचार र बेथिति अत्यन्त बढेको छ । प्रदेश सरकारमा नेपाली कांग्रेस र नेकपा एमाले समेतको सहभागिता रहे पनि भ्रष्टाचार र बेथितिको अपयश जनमत पार्टीको टाउकोमा परेको छ । जनमत पार्टीले मधेशी दलहरुसित मिलेर अगाडि बढ्न सके सबैको हित हुनेछ । तर एक्लाएक्लै चुनावमा गएर ठूलो उपलब्धि हासिल गर्ने सपना नदेखे हुन्छ । मधेशको जनभावना विपरीत गएकै कारण मधेशी दलहरु तराई मधेशमा अत्यन्त कमजोर भएका छन् । मोर्चाबाट अथवा अलग्गैबाट पनि मधेशी दलहरुबीच सहकार्य हुनु आवश्यक छ ।

# मुख्य राजमार्गकै यात्रा कठिन

**राजकुमार पराजुली**

काभ्रेपलाञ्चोकअन्तर्गत मुख्य दुई राजमार्ग अरनिको र बिपी राजमार्ग अवस्थित छन् । अरनिको राजमार्गमा तीन वर्षदेखि र बिपी राजमार्गमा ठीक दश महिनादेखि कठिनाइ पूर्ण यात्रा गर्न बाध्य भएका छन्, मध्यपहाडी क्षेत्रका नागरिक । अझ, अरनिको राजमार्गअन्तर्गत विस्तारका क्रममा रहेको काभ्रेपलाञ्चोकको धुलिखेलदेखि भक्तपुरको सूर्यविनायकसम्मको सडकमा पनि हाल कष्टपूर्ण यात्रा गर्नुपर्ने बाध्यता झेलिरनुपरेको छ ।

पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुने अहिले यी राजमार्गका विशेषता बनेका छन् । धुलाम्मेको अवस्थामा भने जसातसो यात्रामा केही राहत जस्तो देखिन्छ, तर वर्षामा भने हिलोका कारण यात्रा निकै कठिनाइ हुने नै गर्छ, वर्षाका बेला बिपी राजमार्गमा भने बाढीपहिरोको उत्तिकै जोखिमपूर्ण अवस्था रहेको छ । हाल बिपी राजमार्गमा मनसुनका समयमा राति दश घण्टा यातायातका साधन सञ्चालनमा रोक लगाइँदै आएको छ ।

काभ्रेपलाञ्चोक, सिन्धुली र रामेछाप जिल्लाको सुरक्षा समितिका पदाधिकारीको अन्तरजिल्ला समन्वय समितिको बैठकले मनसुन सक्रिय भएको अवस्थामा बिपी राजमार्गमा बाढीपहिरोको सम्भावित जोखिम रहेकाले विपद्जन्य घटना हुनसक्ने हुँदा जोखिम न्यूनीकरण गर्न काभ्रेपलाञ्चोकको काभ्रेभञ्ज्याङदेखि सिन्धुलीसम्मको क्षेत्रमा असार ७ गतेदेखि सोही समयमा करिब दश घण्टा १५ दिनका लागि र असार २२ गतेदेखि थप एक महिनाका लागि सडक सञ्चालनमा रोक लगाइएको छ ।

गत साल असोज दोस्रो साता रोशी खोलाको बाढीले क्षतिग्रस्त बिपी राजमार्ग हालको वर्षायाममा अवरुद्ध हुन नदिन विभिन्न उपाय अपनाउँदै अस्थायी संरचनासमेत बनाइएको छ । डिभिजन सडक कार्यालय भक्तपुरले बाढीपश्चात् पहिलाको भन्दा केही फिट उचाइमा अस्थायी फिलिङ गरी यातायात सञ्चालनार्थ निर्माण गरिएको सडक हालको वर्षाले क्षति हुन नदिन सतर्कता अपनाउँदै 'इक्युपमेन्ट' र संरचना निर्माण गरेको जनाएको छ ।

बाढीले क्षति गर्नसक्ने काभ्रेपलाञ्चोकतर्फको चौकीडाँडा, कटुञ्जेबेँसी, मङ्गलटार र माम्तीमा हुनसक्ने क्षति रोक्न ग्याबिन जालीको पर्खाल लगाइएको र सडक अवरुद्ध भैहाले पन्छाउन ठूला बोल्डर 'स्ट्यान्डबाई' राखिएको कार्यालयले जनाएको छ । कार्यालयले वर्षायाममा बाढीपहिरोका कारण हुनसक्ने राजमार्ग अबरुद्ध तत्काल हटाउन सडक पुनर्निर्माणका लागि ठेक्का लागेको सडकखण्डमा निर्माण व्यवसायीको १५/१५ वटा उपकरणका साथै डिभिजनले डोजर, टिपर, लोडरलगायतका सात उपकरण तयारी अवस्थामा राखेको कार्यालय प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले बताउनुभयो । नेपाल सरकारले गत सालको बाढीका कारण क्षतिग्रस्त बिपी राजमार्गअन्तर्गत २९ किलोमिटर सडकखण्डलाई चार खण्डमा पुनर्निर्माण गर्नेगरी प्रक्रिया अघि बढाएको हो । क्षतिग्रस्त बिपी राजमार्गको पुनर्निर्माणका लागि काभ्रेपलाञ्चोक क्षेत्रमा तीन खण्ड र सिन्धुलीतर्फ एक खण्डमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित काम हुने भएको हो । इन्जिनियर योगेशका अनुसार काभ्रेपलाञ्चोकतर्फ पुनर्निर्माण हुने सडकमध्ये डालाबेँसीदेखि ४०० बेँसीसम्मको साढे आठ किमीका लागि खानी/कमलजित/एवान जेभी छनोट भएको छ । उक्त सडकखण्ड पुनर्निर्माण गर्न निर्माण व्यवसायीसँग रु एक अर्ब ४२ करोड कबोल भएको जनाइएको छ । काभ्रेपलाञ्चोकतर्फको ४०० बेँसीदेखि भकुण्डेबेँसीसम्मको ११ किमी सडक पुनर्निर्माणका लागि भने प्राविधिक मूल्याङ्कनको काम भइरहेको उहाँले बताउनुभयो ।

यस्तै, काभ्रेपलाञ्चोकतर्फकै वर्षेखोलादेखि डालाबेँसीसम्मको साढे पाँच किमी सडकखण्ड जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) र नेपाल सरकारले पुनर्निर्माण गर्ने भएका छन् । उक्त तीन दशमलव दुई किमी जाइकाले र दुई दशमलव तीन किमी सडक नेपाल सरकारले पुनर्निर्माण गर्ने जनाइएको छ । सिन्धुलीको खाल्टे डिभिजन सडक कार्यालयले ठेक्का लगाएको नेपालथोकदेखि वर्षेखोलासम्मको चार किमी सडक भने सम्झौताका चरणमा रहेको छ ।

क्षतिग्रस्त सडक नेपाल सरकारबाट रु आठ अर्ब ५० करोडको बजेट सुनिश्चित भएको छ । काभ्रेपलाञ्चोकतर्फको तीन खण्डका लागि रु सात अर्ब ५० करोड र सिन्धुलीको सडकखण्डका लागि रु एक अर्ब बजेट सुनिश्चित भएको डिभिजन कार्यालय भक्तपुरले जनाएको छ । कार्यालयका अनुसार हालको वर्षायाममा राजमार्ग पुनर्निर्माणको काम सुरु हुँदैन । भकुण्डेबेँसीदेखि नेपालथोकसम्मको पुनर्निर्माण हुने सडक इन्टरमिडियट लेनबाट डबल लेन सडक बनाइने भएको छ ।

जापान सरकारको अनुदान सहयोगमा आर्थिक वर्ष २०५३/५४ बाट बिपी राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिबास १६० किमी सडक) निर्माण कार्य सुरु गरिएको थियो । खण्डखण्ड विभाजन गरी निर्माण सम्पन्न राजमार्गको २०७२ असार १८ गते औपचारिक रुपमा जापान सरकारले नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो । यस राजमार्ग केन्द्रीय राजधानी काठमाडौँलाई मध्यपहाडी तथा पूर्वी नेपालसँग जोड्ने छोटो मार्गका रुपमा लिइएको छ ।

त्यसो त, अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित निर्माणाधीन धुलिखेल-खावा सडकखण्डको स्तरोन्नति कार्य अलपत्र अवस्थामा रहँदा यो वर्षायाममा यात्रुले सास्ती खेप्नु परेको छ । करिब चार वर्षसम्म सडक नबन्दा ठेक्का रद्द गरेको डिभिजन कार्यालय भक्तपुरले पुनः स्रोत सुनिश्चित भए पनि यस सडकखण्डको स्तरोन्नति कार्यका लागि बोलपत्र आह्वान गरे पनि नयाँ ठेकेदारमार्फत काम थाल्न अझै केही महिना लाग्ने जनाएको छ । यस सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले निर्माण कम्पनीसँगको ठेक्का रद्द गरेलगत्तै निर्माण कम्पनीले उच्च अदालत पाटनमा मुद्दा हालेको थियो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक बिस्तारको काम यस कम्पनीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी रु २० करोड १९ लाख ४६ हजार ५०१ मा ठेक्का लिएको थियो ।

ठेकेदार कम्पनीले निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन । पछिल्लो वर्षदेखि यस सडकखण्डको निर्माणको काम ठप्प प्रायः नै थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत साल फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो । यस सडकखण्डको ठेक्का रद्द गरेपछि अदालत गएका व्यवसायीको मुद्दामा केही दिनपछि अदालतले निर्माण कम्पनीलाई कालोसूचीमा राख्ने, धरौटी रकम जफतलगायत 'कारबाही नगर्न तथा हालको जुन अवस्थामा रहेको छ, सोही अवस्थामा राख्न' अन्तरिम आदेश दिएपछि खण्डखण्डको काममा अन्योलता छाएको थियो ।

स्रोत सुनिश्चित भए पनि नयाँ ठेक्कामा जाँदा केही महिना लाग्ने भएकाले सवारी साधन र यात्रुलाई सहज बनाउन खाल्डाखुल्डी पुर्ने काम गरिएको कार्यालयले जनाएको छ । कार्यालय प्रमुख योगेशले नयाँ बोलपत्र आह्वान गरिसकेकाले नयाँ प्रक्रिया थालिएको बताउनुभयो । "नयाँ ठेक्का खोलिसकेकका छौँ, अबको डेढदेखि दुई महिनाभित्र काम सुरु हुन्छ, सायद भदौ अन्तिम साता वा असोजदेखि काम सुरु गर्नेगरी तयारी भइरहेको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार नयाँ ठेक्का खोल्न रु ४२ करोड स्रोत सुनिश्चित भएको हो ।



हालसम्म धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा काट्ने काम मात्रै भएको छभने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम मात्रै भएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडक मात्रै भत्काइएको तर एक किलोमिटर भागमा माटो काट्न नै बाँकी रहेको छ । अघिल्लो जेठमा धुलिखेलतर्फबाट बेस, सब-बेस हाल्ने काम सुरु गरिए पनि पटक पटकको वर्षामा सबै बगाएर खण्डहर झैँ बनाएको थियो ।

समयमा नै निर्माणसम्पन्न नहुँदा यस राजमार्ग भएर गुड्ने सवारीका यात्रुले दुई वर्षदेखि निकै सास्ती खेप्दै आउनुपरेको छ । सडक निर्माणको काम समयमा नसकिँदा पुनर्निर्माणका लागि भत्काइएको सडकमा सयौँ दुर्घटना हुँदा यात्री घाइते हुने गरेका छन् । केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाई कालोपत्र गर्न लागिएको थियो ।

यस सडकमा गुड्ने मालवाहक सवारीको भारबहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन कार्यालयले नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्रे डिबिएम र आस्फाल कालोपत्रे गर्ने योजना बनाएको थियो । यसैगरी, स्तरोन्नति भइरहेको अरनिको राजमार्गअन्तर्गतको साँगा-धुलिखेल सडकखण्डको काम वर्षाका कारण रोकिएको छ । मनसुन बाहिरिएपछि पुनः काम सञ्चालन हुने आयोजनाले जनाएको छ । मनसुन बाहिरिएपछि पनि निर्माणमा ढिलाइ हुने देखिएपछि अझै यस सडकखण्डमा कष्टपूर्ण यात्रा गर्नुपर्ने नै देखिएको छ ।

यस सडकखण्डको पुलबजार क्षेत्रमा भने स्थानीयको अवरोधका कारण चार महिनादेखि काम ठप्प अवस्थामा छ । त्यस क्षेत्रको करिब २०० मिटर क्षेत्रमा विस्तार कार्य रोकिएको सडक विभागको सूर्यविनायक-धुलिखेल, धुलिखेल-सिन्धुली-बर्दिबास सडक आयोजनाले जनाएको छ । कार्यालयका अनुसार धुलिखेलमा एक किलोमिटर मुख्य सडक पक्की गरिए पनि मनसुनका कारण थप पक्की गर्न सकिएको छैन । सबै सामग्री तयारी अवस्थामा रहे पनि वर्षाका कारण धुलिखेलबाट बनेपातर्फको सडक तथा बनेपास्थित जनागाल क्षेत्रमा एक किमी सडक पक्की नगरिएको आयोजनाका इन्जिनियर विष्णुप्रसाद खनालले जानकारी दिनुभयो ।

खनालका अनुसार सडक विस्तारसँगै बनेपा क्षेत्रमा करिब ५० वटा बिजुलीका पोल हटाउनुपर्ने तथा २८ किलोमा एक घर हटाउने कामसमेत रोकिएको हो । बनेपा सहरको पूर्वीतर्फ चण्डेश्वरी खोलादेखि बनेपा चारदोबाटोसम्म करिब एक किमी सडकको ढल निर्माण कार्य भइरहे पनि वर्षाका कारण काम नै ठप्प अवस्थामा रहेको छ । पुलबजार क्षेत्रमा भने 'सेन्टर लाइन'को विषयलाई लिएर स्थानीयले अवरोध जनाएपछि चार महिनादेखि विस्तार कार्य नै रोकिएको थियो । सेन्टर लाइनबाट दायाँबायाँ ७५/७५ फिट (१५० फिट) मध्ये पनि १४० फिटमा काम भइरहेकामा स्थानीयले दुवै तर्फका घरमा बराबर छुट्याउनुपर्ने विषयमा विवाद निकालेर निर्माण कार्य अवरुद्ध पारेका हुन् ।

सडकको डिजाइनअनुसार नै सडकको बीचबाट बराबर छुट्याउने भएकाले स्थानीयले घरको दूरीमा बराबर गर्नुपर्छ भन्दै विवाद सिर्जना गरेपछि निर्माण कार्य रोकिएको खनालले बताउनुभयो । उहाँका अनुसार पटकपटक गरिएको सरोकारवालासहित बनेपा नगरपालिकाका जनप्रतिनिधि र स्थानीयबीचको छलफलले कुनै निष्कर्ष निकाल्न सकेको छैन । स्थानीयको अवरोधसँगै मापदण्डभित्रका घर-टहरा हटाउनुपर्ने, बिजुलीको पोल विस्तार, अप्टिकल फाइबर, हाइटेन्सनका पोल हटाउनुपर्ने काम रोकिएको जनाइएको छ ।

पुलबजार क्षेत्रमा अवरोधका कारण बनेपाको मुख्य शहर क्षेत्रमा समेत निर्माण कार्य रोकिँदै आएको थियो ।

यसैबीच अरनिको राजमार्गअन्तर्गत भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मको सडक छ लेनमा विस्तारको काम समयमै नसकिने भएको छ । आयोजनाले बाँकी करिब छ महिनाको अवधिमा विस्तारको काम नसकिने जनाएको हो । २०७९ पुस २४ गते सुरु गरिएको १६ किलोमिटर लम्बाइको यस सडक ३६ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । यस सडकखण्ड सूर्यविनायकबाट साँगासम्म र साँगाबाट धुलिखेलसम्म गरी दुई खण्डमा विभाजन गरी सोही अनुसार ठेक्का सम्झौता भई विस्तार भइरहेको थियो ।

हाल दुई खण्डको विस्तारको काम ५० प्रतिशतको हाराहारीमा काम भएको आयोजनाले जनाएको हो । यस आयोजनाअन्तर्गत पहिलो चरणमा साँगादेखि धुलिखेल आठ दशमलव चार किमी सडकखण्ड विस्तार कार्यका लागि रु चार अर्ब पाँच करोड ६४ लाखका तथा दोस्रो चरणमा सुरु भएको सूर्यविनायक-साँगा सडकखण्ड रु तीन अर्ब ८८ करोड ९३ लाखमा सम्झौता भएको थियो ।

आयोजनाको सिनियर डिभिजनल इन्जिनियर एवं सूचना अधिकारी सजना अधिकारीका अनुसार निर्धारित समयभित्र विस्तारको काम नसकिने भएकाले समय थप्नुपर्ने देखिएको छ । उहाँका अनुसार मापदण्डभित्रका घर-टहरा भत्काउन, रूख, बिजुलीका पोल तथा अप्टिकल फाइबरको केवल प्रतिस्थापन गर्दा समयमा काम सुरु हुन सकको थिएन । यस्तै साँगा-धुलिखेल खण्डमा बनेपाको शहरी क्षेत्रमा पुललगायत व्यक्तिगत घरको विवाद तथा मापदण्डभित्रका घर भत्काउन नसक्दा ढिलाइ भएको अधिकारीको भनाइ छ । समयसीमासम्म करिब ६५ प्रतिशत भौतिक निर्माणको काम हुने जनाइएको छ । अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा दोलखा, रामेछाप पुग्ने यही सडक हो ।

# बालेन र ममदानीको लोकप्रियताले देखाएको वैकल्पिक नेतृत्वको खोजी



**टेक विष्ट**

आगामी ४ नोभेम्बरमा हुन लागेको अमेरिकाको न्युयोर्क सिटीको मेयर चुनावका लागि जोहरान क्वामे ममदानीको 'साहसी र समावेशी अभियान'ले सबैको ध्यान तानेको छ ।

युगाण्डाबाट न्युयोर्क आएका ममदानीले आर्थिक न्याय र आवासीय पहुँचमा आधारित प्रगतिशील राजनीतिलाई आफ्नो मूलमर्म बनाएका छन् । लोकतान्त्रिक समाजवादमा विश्वास राख्ने बताइरहेका उनले सम्पत्तिको समान वितरणले जीवनस्तर सुधार्ने विचार व्यक्त गरिरहेका छन् ।

उनको लोकप्रियताले डेमोक्रयाट र रिपब्लिकनलाई नै तरंगित बनाएको छ । वर्षौंदेखिको दलहरुको विरासतलाई न्युयोर्कको मेयरमा उम्मेदवारी दिने तयारी गरिरहेका ममदानीले एकाएक कसरी तरंगित बनाए ? आफूलाई चर्चाको शिखरमा कसरी पुऱ्याए ?

त्यसमा आउनुअघि केही समकालीन विश्व राजनीतिको कुरा जोडौं ।

विश्व राजनीति अहिले पछिल्लो दशककै जटिल मोडमा छ । स्थापित मूल्यमान्यताहरु भत्किरहेका छन् । राजनीतिशास्त्र र अन्तर्राष्ट्रिय डिप्लोमेसीका सिद्धान्तहरुले फेल खाइरहेका छन् ।

मूलतः अमेरिकाको राष्ट्रपतिको रुपमा सन् २०१६ मा पहिलो कार्यकालका लागि रिपब्लिकनका डोनाल्ड ट्रम्प उदाएसँगै विजारोपण भएको लोकतान्त्रिक उपलब्धिविरुद्धको त्रासदीलाई दोस्रो कार्यकालले थप अनुमोदन गरिदिएको छ ।

लोकतन्त्र, त्यसभित्र पनि पार्टी पद्धतिमा स्वस्थ रुपमा सञ्चार प्रक्रिया अवरुद्ध हुँदाको विकल्पमा नयाँ नेतृत्वको खोजी भएको बुझ्न कठिन छैन । यसले के देखाउँछ भने राजनीतिक शक्ति माथिल्लो तहका नेता र प्रभावशाली व्यक्तिको नियन्त्रणमा मात्रै सधैंभरि सीमित हुँदैन ।

शक्ति सन्तुलनको अवस्था धर्मराएको छ । शीतयुद्धकालीन दुई धुव्रीय विश्व राजनीतिको 'ब्यालेन्स' अब कता जाँदैछ भन्ने ठम्याउनै गाह्रो छ ।

सन् २०२२ देखि जारी रुस-युक्रेन युद्धले पश्चिममा शक्तिको अवस्थालाई उदाङ्गो बनाएको छ । लगत्तै अर्को वर्षमध्ये एसियामा देखिएको तनाव र त्यसपछि देखिएको अमेरिकी सक्रियताले संयुक्त राष्ट्र संघकै भूमिकामाथि प्रश्न उठ्न थालेको छ ।

राष्ट्र संघको पुर्नसंरचना गर्नुपर्ने आवाज विश्वमञ्चमा सशक्त भएर आएको छ । विश्व राजनीतिको यस जटिल परिवेशमा फरक नेतृत्वको अपेक्षा नागरिकका लागि स्वाभाविक बन्न पुगेको छ । अमेरिकाको न्युयोर्क होस् वा नेपालको काठमाडौं एकै स्वरले खोजिरहेका छन् राजनीतिमा, व्यवहारमा र शासकीय शैलीमा नयाँ प्रयोग ।

राजनीतिक रुपमा यसलाई 'पपुलिजम' पनि भन्न सकिएला । तथापि, वैश्विक परिवेशमा राजनीतिको यो चेतनालाई कसरी मुखरित भयो ? त्यसको मुख्य स्रोत के हो ? भन्ने प्रश्न पनि छँदैछ ।

घोत्लिएर हेर्ने हो भने त्यसको स्पष्ट रुट आँकलन गर्न कठिन छैन, अमेरिकाका ट्रम्प हुन् कि भारतका मोदी, युक्रेनका जेलेन्स्की वा नेपालका केपी ओली ।

समग्र राजनीतिक प्रवृत्तिको कुरा गर्दा यही तथ्यले मुखरित गर्छ कि उनीहरु नै पछिल्लो दशकमा देखापरेको पपुलिजमका स्रोत हुन् ।

पपुलिजमभन्दा पनि समकालीन नेतृत्वको राजनीतिक रणनीतिलाई मात खुवाउनेगरी कसरी अगाडि आए बालेन वा ममदानी ? यस आलेखमा सोही कुरालाई केलाउने कोसिस गरिएको छ ।

विश्व राजनीतिमा दुई फरक भूगोलबाट उदाउन खोजेका ममदानी हुन् वा बालेन, उनीहरुले एउटा सन्देश स्पष्टै रुपमा दिएका छन्– शक्तिको स्रोत नागरिक हो । यही ग्रासरुटबाट शक्तिको पुष्पण हुन्छ । लोकतान्त्रिक शासन प्रणालीमा सार्वभौमसत्ता जनताले आफ्ना प्रतिनिधिमार्फत उपयोग गर्छन् । लोकतन्त्रमा नागरिक नै सर्वेसर्वा हुन् । चीरकालसम्म एउटै पात्र वा प्रवृत्ति स्थापित हुन सक्दैन भन्ने कुरा विश्व राजनीतिमा देखिएका यी ज्वलन्त उदाहरण हुन् । २०७९ सालको स्थानीय तह निर्वाचनको बेला बालेन शाहले अपनाएकोजस्तै चुनावी शैली ममदानीको पनि देखिन्छ ।

राजनीति साँचो अर्थमा आर्थिक रुपान्तरणमार्फत नागरिकको व्यवहारमा देखिने परिवर्तन हो । जुन कुरा देशको शासन प्रणालीसँगै अर्थतन्त्रसँग जोडिएको हुन्छ । स्पष्ट आर्थिक नीति विना राजनीतिक मुद्दालाई व्यवहारमा उतार्न असम्भव हुन्छ ।

राजनीतिक मुद्दा कुनै मुभमेन्टको रुपमा प्रकट भए पनि त्यसले पैदा गर्ने तरंग अन्ततः अर्थतन्त्रसँग जोडिएर टुंगिन्छ । नागरिकको अपेक्षा भनेकै शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकास हो । सहज जीवनशैली र राज्यको उपस्थितिको खोजी हो ।

माग र आपूर्तिसँगको तन्तु जोडिएका कारण राजनीतिक मुद्दाले नागरिकको जीवनस्तरमा सुधार नगरी सुखै छैन भन्ने लोकतान्त्रिक प्रणालीमा सर्वस्वीकार्य सिद्ध भइसकेको छ ।

ममदानीले गरिब, मजदुर र युवाहरूको पक्षमा आफ्नो चुनावी अभियानलाई मुखरित गरेका छन्, जहाँ सस्तो आवास, सुलभ यातायात र सामाजिक न्यायको सिद्धान्त अंगीकार गर्न खोजिएको छ । बालेनले उठाएका राजीतिक एजेन्डा हुन् कि ममदानीले उठाएका चुनावी एजेन्डा, जसले परम्परागत राजनीतिक प्रवृत्ति र यथास्थितिलाई चलायमान बनाउन खोजेको छ ।

बीपीले अँगालेको प्रजातान्त्रिक समाजवाद वा मदन भण्डारीले प्रतिपादन गरेको जबज प्रकारान्तरमा किन नागरिकसामु लोकप्रिय बन्न पुगे त ? उनीहरु नेपाली राजनीतिको केन्द्रमा किन अहिलेसम्म छन् ? यसको एउटै जवाफ हुनसक्छ, तात्कालिक परिस्थितिलाई बुझेर भविष्यको रुपरेखा उनीहरुले आफ्नो राजनीतिक एजेन्डामार्फत कोरे ।

पछिल्लो पटक राजनीतिमा देखिएका यी नयाँ अनुहारहरुले विद्यान राजनीतिक जडताको विकल्पका रुपमा नागरिकले उठाएको देखिन्छ । तर उनीहरुले उठाएको एजेण्डा कार्यान्वयनको माध्यम आर्थिक नीति नै हो । यद्पि, राष्ट्रिय राजनीतिमा उनीहरुको उपस्थिति छैन ।

संगठित नीति कार्यान्वयन गर्ने दलको रुपमा आएका छैनन् । तर नागरिकले उनीहरुको एजेन्डालाई मन पराएरै लोकप्रियताको कमिसनमा उभ्याएका छन् । बालेनलाई सत्ता सञ्चालनको वैद्धता नै सुम्पिए ।

करका दरहरू राज्यको आयस्रोत मात्रै होइनन्, सामाजिक न्याय स्थापित गर्ने विषय समेत हेरिनुपर्छ । लोकल्याणकारी राज्यको स्थापना नै त्यसका लागि भएको हुन्छ ।

लोकतान्त्रिक समाजवादबिना सामाजिक न्याय स्थापित गर्न कठिन हुन्छ । यो लक्ष्य प्राप्तिमा पुँजीवादको भूमिका आवश्यक छ । पुँजीवादको उत्पादन र नवप्रवर्तनको शक्तिबिना समावेशी विकास असम्भव छ । सामाजिक सुरक्षाको खाडल पुर्न असम्भव हुन्छ ।

बालेन शाहले आफ्नो एजेन्डालाई डिजिटल माध्यमबाट नागरिकसम्म पुऱ्याए । त्यसैबाट मतदातालाई 'कन्भिन्स' गराएर उनी मेयरमा निर्वाचित भए । खासगरी युवापंक्तिमाझ उनको लोकप्रियता उचाईमा छ ।

मूलधारको राजनीतिक नेतृत्वप्रति वर्षौंदेखि 'वाक्कदिक्क' भएका युवापंक्तिले बालेनको कामको चर्चा गरिरहेका छन् । यसैगरी ममदानी पनि न्युयोर्कको चुनाव अगाडि नै चर्चाको शिखरमा छन् ।

यसको स्रोत भनेको नागरिक सपोर्ट हो । वर्षौंसम्म सत्ता राजनीतिको म्युजिकल चेयरमा बसेर लोकतान्त्रिक सञ्चार पद्धतिलाई अवरुद्ध गर्ने ठूलै भू-जडता हाम्रो नेतृत्व पंक्तिमा छ ।

लोकतन्त्र, त्यसभित्र पनि पार्टी पद्धतिमा स्वस्थ रुपमा सञ्चार प्रक्रिया अवरुद्ध हुँदाको विकल्पमा नयाँ नेतृत्वको खोजी भएको बुझ्न कठिन छैन । यसले के देखाउँछ भने राजनीतिक शक्ति माथिल्लो तहका नेता र प्रभावशाली व्यक्तिको नियन्त्रणमा मात्रै सधैंभरि सीमित हुँदैन ।

शक्ति त्यहाँ छ, जहाँ जनताका भावना, संघर्ष र आशा हुन्छन् । पुराना संरचनाले नयाँ चुनौतीहरू सामना गर्न सक्दैनन् । नेपालमा पनि नयाँ सोच, ऊर्जा र समावेशी नीतिको खाँचो थप टड्कारो रुपले देखिएको छ ।

आर्थिक वृद्धिमार्फत जीवनस्तर रुपान्तरणको आकांक्षा अवरुद्ध भएको छ । उत्पादन र अर्थतन्त्रको गति सुस्ताएको छ । मुलुकको आर्थिक रुपान्त्ररणका लागि नीतिगत सर्जरी गर्न ढिला भइसकेको छ । परिवर्तित विश्व मूल्यमान्यताले हाम्रो राजनीतिको जडतालाई पर्खिरहने छैन ।रातोपाटी

# विधान संशोधनमा सुझाव दिन एमालेको आग्रह



काठमाण्डु । नेकपा (एमाले)ले विधान महाधिवेशनमा प्रस्तुत गरिने विधान संशोधन प्रस्तावमाथि आगामी भदौ १० गतेभित्र सुझाव दिन मातहतका कमिटीलाई आग्रह गरेको छ ।

एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले सोमबार जारी गर्नु भएको अन्तरपार्टी निर्देशन (अपानी-१२) मा केन्द्रीय कमिटीको बैठकबाट पारित उक्त विधान संशोधन प्रस्तावमा मातहतका कमिटी र सदस्यहरुले आफ्नो सुझाव लिखित रूपमा सो अवधिभित्र पार्टी केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पठाउनुपर्ने उल्लेख छ ।

अपानी-१२ मा मातहतका कमिटीबाट प्राप्त सुझाव उपर विधान महाधिवेशनपूर्व बस्ने केन्द्रीय कमिटीमा छलफल गरी आवश्यक निर्णय लिइने उल्लेख छ । आगामी भदौ २० देखि २२ गतेसम्म ललितपुरको गोदावरीमा हुने पार्टीको दोस्रो विधान महाधिवेशनमा अध्यक्ष ओलीले राजनीतिक प्रतिवेदन, उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधन प्रस्ताव र महासचिव शङ्कर पोखरेलले सङ्गठनात्मक प्रस्ताव प्रतिवेदन प्रस्तुत गर्नुहुने छ। यी तीनै प्रतिवेदन पार्टीको सचिवालय, पोलिटब्युरो र केन्द्रीय कमिटीमा संशोधनसहित पारित गरिएको छ ।

पार्टीको दशौँ राष्ट्रिय महाधिवेशनका प्रतिनिधि पार्टीको विधान महाधिवेशनका प्रतिनिधि हुने वैधानिक व्यवस्था गरिएको अपानी-१२ मा उल्लेख छ । दशौँ राष्ट्रिय महाधिवेशनमा सहभागी नभएका र यसबीचमा केन्द्रीय कमिटी तथा निकायमा मनोनित भएका आयोजकको हैसियतमा विधान अधिवेशनमा सहभागी हुन पाउने व्यवस्था गरिएको अध्यक्ष ओलीले जारी गर्नु भएको अपानी-१२ मा उल्लेख छ ।

अध्यक्ष ओलीले एमाले राष्ट्रिय राजनीतिको केन्द्र भागमा रहेको उल्लेख गर्दै पार्टीको भविष्य अन्य पार्टीको तुलनामा निकै उज्यालो रहेको बताउनु भएको छ ।

"वर्तमानमा हामी राष्ट्रिय राजनीतिको केन्द्र भागमा छौ र हाम्रो पार्टीको भविष्य अन्य पार्टीको तुलनामा निकै उज्यालो छ । तर हामीले यतिकैमा सन्तोष गरेर बस्नु हुँदैन," अध्यक्ष ओलीले जारी गर्नु भएको अपानी-१२ मा भनिएको छ, "अब हाम्रो यात्रा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा र राष्ट्रिय गन्तव्य पुरा गर्ने कुरामा केन्द्रित हुनुपर्दछ । जनप्रतिनिधिमूलक निकायको कामलाई थप प्रभावकारी बनाउन जोड दिनु आवश्यक छ । त्यसका लागि पार्टीलाई बलियो र निर्णायक राष्ट्रिय शक्तिका रूपमा स्थापित गर्नु पर्नेछ । 'मिसन ८४' सफल बनाउँदै पार्टीको नेतृत्वमा एकल बहुमतको सरकार निर्माण गर्नुछ ।"

एमालेको अपानीमा समग्रतामा पार्टीको सङ्गठनात्मक जीवन पहिलेको तुलनामा व्यवस्थित हुँदै गएको देखिएको उल्लेख गरिएको छ । "पार्टीका बैठक, कार्यक्रम र अभियानमा कार्यकर्ताको सहभागितामा बृद्धि हुँदै गएको छ । तर पार्टीको योजनाअनुरूप अझै पनि पार्टी कामलाई आधारभूत तहमा र जनसङ्गठनका कामलाई समुदायकेन्द्रित गर्न सकिएको छैन । नेपाली समुदायको बढ्दो उपस्थितिको सापेक्षतामा प्रवासको कामलाई अझै विस्तार गर्न सकिएको छैन ।

पार्टी निर्माणमा पार्टी नेतृत्व र कार्यकर्ताको स्वपरिचालनको अवस्थामा थप सुधार ल्याउनुपर्ने अवस्था देखिन्छ," पार्टी अध्यक्ष ओलीले जारी अपानीमा भनिएको छ । पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउन तथा 'मिसन ८४' सफल बनाउनका लागि पार्टीको सङ्गठनात्मक कामलाई थप सुधार गर्नु आवश्यक रहेको उल्लेख गरिएको छ । पार्टीले सचिवालय, पोलिटव्युरो र केन्द्रीय कमिटी बैठकले गरेका महत्वपूर्ण निर्णय जानकारी तथा कार्यान्वयनका लागि अन्तरपार्टी निर्देशन- १२ जारी गरेको हो ।रासस

> "वर्तमानमा हामी राष्ट्रिय राजनीतिको केन्द्र भागमा छौ र हाम्रो पार्टीको भविष्य अन्य पार्टीको तुलनामा निकै उज्यालो छ । तर हामीले यतिकैमा सन्तोष गरेर बस्नु हुँदैन,"

# देश विकासका लागि सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री ओली

> "देशमा स्थिरता, स्थायित्व, विकास, सुशासन ल्याउन र भ्रष्टाचार नियन्त्रण गर्न सरकार प्रतिबद्ध छ, आगामी चुनावसम्म यो सरकार जान्छ ।"



सुदूरपश्चिम । प्रधानमन्त्री केपी शर्मा ओलीले वर्तमान सरकार देश विकासका लागि प्रतिबद्ध रहेको बताउनुभएको छ । कैलालीको पूर्वी क्षेत्रमा निर्माणाधीन राष्ट्रिय गौरवको रानीजमरा कुलरिया सिँचाइ आयोजनाको दोस्रो चरणमा निर्माण पूरा भएको सिँचाइ प्रणाली र विद्युत्गृहको मंगलबार उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले देशमा परिर्वतन ल्याउनका लागि योगदान गरेका दुई ठूला दलको अहिलेको सरकार स्थिरता, स्थायित्व कायम गर्नेगरी काम गरिरहेको बताउनुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "देशमा स्थिरता, स्थायित्व, विकास, सुशासन ल्याउन र भ्रष्टाचार नियन्त्रण गर्न सरकार प्रतिबद्ध छ, आगामी चुनावसम्म यो सरकार जान्छ।" रानीजमरा कुलरिया सिँचाइ आयोजनाको निर्माणबाट सरकारको विकासप्रतिको चाहाना एवं तीव्रता दिने कुरालाई झल्काएको उल्लेख गर्दै उहाँले यो आयोजनाको तेस्रो चरणको काम पनि पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले १२० वर्षदेखिको परम्परागत सीपबाट सुरू भएको यो सिँचाइ प्रणालीलाई आधुनिक स्वरूपमा विस्तार गरिएको उल्लेख गर्दै स्थानीयको जनसहभागिता र सरकारको समन्वयबाट आजको यो सफलता प्राप्त भएको बताउनुभयो । देश विकासका लागि प्रतिबद्ध रहेका उहाँले यो सिँचाइ आयोजना निर्माणबाट नेपालको जलस्रोत तथा ग्रामीण कृषि क्षेत्रको विकासमा ऐतिहासिक उपलब्धि भएको बताउनुभयो । यस आयोजनाले ग्रामीण जीवनशैली परिवर्तन कृषि उत्पादनमा वृद्धि ऊर्जामा आत्मनिर्भर खाद्य सुरक्षामा टेवा पुऱ्याउन सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, "सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले यो सिँचाइ आयोजनाको तेस्रो चरणको काम अघि बढाउन विश्व बैंकसँग ऋण लिने निर्णय गरेको छ ।" उहाँले मधेसमा देखिएको सुक्खाग्रस्त समस्याका साथै खानेपानीको अभाव समाधान गर्न ५०० वटा डिप बोडिङ जडान गर्न लागेको जानकारी दिनुभयो । चुरे संरक्षणका लागि चुरे क्षेत्रमा मत्स्यपालन र पोखरी निर्माण गरी पानी रिचार्ज हुनसक्ने भएकाले सरकारको ध्यान यसतर्फ गएको उहाँले बताउनुभयो ।

सुनकोशी मरिन डाइभर्सन, भेरी बबै सिँचाइ आयोजना, तम्मोर डाइभर्सनलगायत महत्त्वपूर्ण आयोजनाको निमार्ण पूरा गर्न सरकारले ध्यान दिएको उहाँले बताउनुभयो । सामाजिक संस्कृति, सभ्यता मूल्यमान्यताविपरीत एकथरीले जथाभावी गाली गर्ने, सामाजिकसञ्जालमाखालीलेख्ने, हरेक विकासका काममा विरोध गर्ने गरेकोप्रति उहाँले असन्तुष्टी व्यक्त गर्नुभयो ।

ऊर्जा जल स्रोत सिँचाइमन्त्री दिपक खड्काले दुई ठूला दल एक ठाउमा उभिएर काम गर्दा राजनीतिक परिवर्तन र देश विकासको सवालमा प्रतिफल दिइरहेको बताउँदै हरेक दलहरू जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो । उहाँले यो सिँचाइ आयोजनामा निर्माण भएको विद्युत् गृहबाट वार्षिक राम्रो आम्दानी हुने देखिएको उल्लेख गर्नुभयो ।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले सिँचाइ आयोजनाको निर्माण भएबाट मुलुकले समृद्धिको आधार तय गरेको अनुभव भएको सुनाउनुभयो । उहाँले सुदूरपश्चिम जलस्रोतमा धनी भए पनि यसको सही सदुपयोग हुन नसकेकाले उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

मुख्यमन्त्रीले प्रदेशका महत्त्वपूर्ण सडक सञ्जाल, गेटा विश्वविद्यालय र रानीजमरा कुलरिया सिँचाइ आयोजनाको बाँकी खण्डको निमार्णका लागि पर्याप्त बजेट छुट्याउन व्यावस्था गर्न प्रधानमन्त्रीसँग आग्रह गर्नुभयो ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले पहिलो तथा दोस्रो चरणमा निर्माण भएको नहरसहितको सिँचाइ प्रणालीबाट १४ हजार ३०० क्षेत्रफल जग्गामा सिँचाइ पुगेको र विद्युत्गृहबाट चार दशमलव ७१ मेगावाट विद्युत् उत्पादन भएको जानकारी दिनुभयो । सिँचाइ प्रणालीबाट स्थायी रूपमा सिँचाइ सुविधा उपलब्ध हुँदा धान, गहुँ र मकैको उत्पादकत्व वृद्धि भएको जानकारी दिनुभयो ।

यसअघि प्रधानमन्त्री ओलीले यो सिँचाइ आयोजनाको कर्णाली नदीमा रहेको मुख्य मुहान (इन्टेक) को स्थलगत निरीक्षण अनुगमन गर्नुभएको थियो । प्रधानमन्त्रीको स्थलगत निरीक्षण टोलीमा ऊर्जा जल स्रोत तथा सिँचाइमन्त्री खड्का, सुदूरपश्चिमका मुख्यमन्त्री शाह, मन्त्रालय र सिँचाइ विभागका पदाधिकारीहरूको सहभागीता रहेको थियो।

आर्थिक वर्ष २०६७/०६८ देखि निर्माण सुरू गरिएको यो आयोजनाको पहिलो चरण २०७४/०७५ मा सकिएको थियो भने दोस्रो चरण २०८०/०८१ मा सम्पन्न भएको हो। अद्यावधिक गुरुयोजनाअनुसार २०८२ मसान्तसम्म रु २० अर्ब ५८ करोड ५६ लाख बराबरको (६९.५५ प्रतिशत) काम र ७५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाले जनाएको छ।

विश्व बैंक र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भएको यो सिँचाइ आयोजनाअन्तर्गत पहिलो र दोस्रो चरणमा गरी १४ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। साथै सिँचाइ प्रणालीअन्तर्गत नै जानकी गाउँपालिका-९ कटाँसेमा निर्माण पूरा भएको विद्युत्गृहबाट चार दशमलव ७१ मेगावाटको विद्युत् उत्पादन भएको छ। उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

सिँचाइ आयोजनाको लम्की शाखातर्फ १४ किलोमिटर ६५० मिटर मूल नहर बनिसकेको छ। यसका शाखा र उपशाखा नहर बनेमा थप छ हजार हेक्टर जमिनमा सिँचाइ पुग्ने र आयोजनाको सिञ्चित क्षेत्र २० हजार ३०० हेक्टर हुनेछ। तेस्रो चरणको काम पूरा भएमा यो सिँचाइ आयोजनाबाट कूल ३८ हजार ३०० हेक्टर क्षेत्रफलको जग्गामा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने आयोजना कार्यालयका प्रमुख प्रेम घिमिरेले जानकारी दिनुभयो ।रासस

# सरकारले उद्योगी र व्यवसायीलाई प्रोत्साहित गर्नुपर्छ : सभापति देउवा

पाटन । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले उद्योगी एवं व्यवसायीलाई लगानी गर्न प्रोत्साहित गनुपर्नेमा जोड दिनुभएको छ । कांग्रेसको वित्तीय संस्था समन्वय विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलबार आयोजित वर्तमान अवस्थामा देशको वित्तीय तथा मौद्रिक स्थिति विषयक कार्यक्रममा उहाँले कांग्रेस र नेकपा (एमाले) बीच भएको सातबुँदे सहमतिको एउटा महत्त्वपूर्ण उद्देश्य अर्थतन्त्र चलायमान बनाउनुभएको बताउनुभयो ।




उहाँले भन्नुभयो, "विसं २०४८ मा कांग्रेसको सरकार आएपछि निजीकरण र उदारीकरणको नीति ल्याएको हो, त्यसपछि कांग्रेसले धेरै गाली खायो, गिरिजाप्रसाद कोइरालाले धेरै गाली खानुभयो, तर पनि हामी नीति क्षेत्रलाई उद्योग र व्यापार सञ्चालन गर्न सहयोग गर्न तयार छौँ, व्यापार व्यापारीले गर्ने हो, उद्योग उद्योगीले गर्ने हो, सरकारले उद्योग व्यापार गर्ने हैन, सरकारले के सहयोग गर्नुपर्छ, त्यो सहयोग गर्न तयार छौँ ।"

सभापति देउवाले लामो सशस्त्र द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, कोभिड-१९ को महामारी, रूस-युक्रेनबीच भएको द्वन्द्वले समेत नेपालको अर्थतन्त्रमा पारेको नकारात्मक प्रभावका बाबजुद पनि मुलुकको आर्थिक स्थायित्व कायम रहन सक्नुमा २०४८ पछि कांग्रेसको सरकारले बसालेको दरिलो अर्थतन्त्रको जग भएको दाबी गर्नुभयो ।

सभापति देउवाले वर्तमान अवस्थामा अर्थतन्त्रका बाह्य सूचकहरू, सरकारको चालु खाता र शोधनान्तर बचत निरन्तर बढ्दै गएको, विदेशी मुद्रा सञ्चितिमा उल्लेखीय सुधार भएको, रेमिट्यान्स उच्च दरमा वृद्धि भएको, मुद्रास्फिति करिब चार प्रतिशतमा सीमित भएको, निजी क्षेत्रमा भएको कर्जा प्रवाह चार दशमलव छ प्रतिशतले वृद्धि भएको र गत वर्षको तुलनामा आयात १३ दशमलव एक प्रतिशत र निर्यात ७७ दशमलव आठ प्रतिशतले वृद्धि भएको जानकारी गराउनुभयो ।

"विद्युत् उत्पादन तथा वितरण, वित्तीय तथा बिमा, खानी तथा खनिज पदार्थ उत्खनन क्षेत्रको योगदानको कारण आर्थिक वृद्धि हुने सङ्केत देखा परे पनि अर्थतन्त्रको वास्तविक क्षेत्र उत्पादन, रोजगारी, उद्योग व्यवसायको अवस्था, लगानी अभिवृद्धि लगायत सूचकहरूमा अपेक्षित सुधार गरी निजी क्षेत्र र आम नागरिकको विश्वास जित्न अझै प्रयत्न गर्नुपर्नेछ," सभापति देउवाले भन्नुभयो, "विकास खर्च शीर्षकमा विनियोजित बजेटको ठूलो हिस्सा खर्च गर्न नसक्ने प्रवृत्तिले निरन्तरता पाइरहेको छ, यसलाई अन्त्य गर्न संरचनागत, संस्थागत, प्रकृयागत सुधार एवं आवश्यक ऐन कानुन र कार्यविधि यथाशीघ्र बनाएर पुँजीगत खर्च समयमै गर्ने परिपाटी बसाल्न आवश्यक छ ।"

सभापति देउवाले नेपाल राष्ट्र बैंकले सार्वजनिक गरिएको मौद्रिक नीतिअनुसार ब्याजदर घटेकाले बैंकमा जम्मा भएको ठूलो रकम कर्जा प्रवाहमा विस्तार भई औद्योगिक व्यवसाय तथा सर्वसाधारण जनतामा केही उत्साह जगाउने विश्वास व्यक्त गर्नुभयो ।

"रेमिट्यान्समा हामी परनिर्भर हुनुपर्ने अवस्थाका कारण कृषि र उद्योगलाई यसले गम्भीर असर पुऱ्याएको छ, तसर्थ, रेमिट्यान्सलाई उत्पादनसँग जोड्ने वित्तीय र मौद्रिक नीति प्रभावकारी बनाउन अति आवश्यक छ," उहाँले भन्नुभयो, "वर्तमान अवस्थामा सहकारी क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी र विश्वासिलो बनाउने उद्देश्यले सहकारी प्राधिकरणको व्यवस्था गरिएको छ, कतिपय सहकारी सञ्चालकबाट ठगिएका बचतकर्ताको बचत रकम यथाशीघ्र फिर्ता दिलाउन प्रभावकारी नीति लिन सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।"

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सामाजिक सञ्जाललगायत माध्यमबाट नकारात्मक भाष्य सिर्जना गर्ने कार्यले लगानीकर्ताको मनोबल कमजोर हुँदै गएको भन्दै यसलाई सुधार गर्न ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले अहिले नेपालको कानुन, सरकारको बजेट र मौद्रिक नीतिले निजी क्षेत्रको उत्साह थपेको भन्दै लगानीका लागि उपयुक्त अवसर सिर्जना गरेको धारणा राख्नुभयो ।

विकास बैंकर्स सङ्घका अध्यक्ष सुयोग श्रेष्ठले स्थानीय सरकारबाट हुने असहयोगका कारण लगानी गर्न समस्या भएको भन्दै यसका लागि सहज वातावरण बनाउन ध्यान दिनुपर्नेमा जोड दिनुभयो। उहाँले अर्थतन्त्रको दिगोपनाका लागि रेमिट्यान्समा मात्रै भरपर्न नहुनेमा जोड दिनुभयो ।

बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिफिन)का अध्यक्ष उपेन्द्र पौडेलले नेपालमा पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न सक्नेगरी पूर्वाधार क्षेत्रको विकास गर्नुपर्ने बताउनुभयो । उहाँले वैदेशिक रोजगारबाट फर्किएकालाई रोजगारीमा प्रवर्द्धन गर्न बैंक तथा वित्तीय संस्थाहरूले ऋण दिइरहेको बताउँदै उनीहरूको क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

पूर्वगभर्नर डा चिरञ्जीवी नेपालले बजेट सकारात्मक आएको र अर्थतन्त्रलाई चलायमान बनाउनेगरी सरकारबाट राम्रो काम भएको बताउनुभयो । उहाँले अर्थतन्त्रको सबै सूचकहरू राम्रो हुँदै गर्दा सबैतिर सकारात्मक बहस हुँदै गएको र लचक मौद्रिक नीतिले पनि ब्याजदरलाई कम गराउन भूमिका खेलेको बताउनुभयो ।

धितोपत्र बोर्डका पूर्वकार्यकारी अधिकृत नीरज गिरीले नेपालको पुँजी बजारमा लगानीको वातावरण बनेको भन्दै धितोपत्र ऐनलाई समयसापेक्ष संशोधन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले नेपाल स्टक एक्सचेञ्जको पुनःसंरचना अनिवार्य भइसकेको भन्दै रु २५ करोडभन्दा कम पुँजी भएका कम्पनीका लागि छुट्टै स्टक एक्सचेञ्जको व्यवस्थापन गरिनुपर्छ भन्नेमा जोड दिनुभयो ।

नविल बैकका पूर्वकार्यकारी अधिकृत ज्ञानेन्द्र ढुङ्गानाले उत्पादन, रोजगारीमा कमी आउँदै विगत चार वर्षदेखि सुस्त अवस्थामा रहेको अर्थतन्त्र चलायमान बन्दै गइरहेको भन्दै विदेशबाट प्राप्त हुने रेमिट्यान्सलाई सही रूपमा परिचालन गर्नुपर्नेमा जोड दिनुभयो ।

चार्टर एकाउन्टेन्ट अनलराज भट्टराईले विद्युत् क्षेत्र, यातायात तथा भण्डारण, वित्तीय क्षेत्रले अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान दिँदै रोजगारीको अभिवृद्धि गरेको भन्दै आर्थिक रूपान्तरणबाट सबै नेपालीको जीवनस्थर उकास्न सहयोग पुग्ने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो । रासस

> "रेमिट्यान्समा हामी परनिर्भर हुनुपर्ने अवस्थाका कारण कृषि र उद्योगलाई यसले गम्भीर असर पुऱ्याएको छ, तसर्थ, रेमिट्यान्सलाई उत्पादनसँग जोड्ने वित्तीय र मौद्रिक नीति प्रभावकारी बनाउन अति आवश्यक छ,"

# प्रधानमन्त्रीको भारत भ्रमणमा व्यापार समस्या समाधान गर्न वार्ता हुन्छः मन्त्री भण्डारी



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले प्रधानमन्त्री केपी शर्मा ओलीको आगामी भारत भ्रमणका क्रममा व्यापार क्षेत्रमा देखिएका समस्या समाधानका लागि उच्च तहमा वार्ता गर्नेगरी तयारी भइरहेको बताउनुभएको छ ।

'नेपाल फ्रेट फरवार्डस् एसोसिएसन'ले ३१औं कार्गो दिवसका अवसरमा मंगलबार यहाँ आयोजना गरेकोकार्यक्रममा मन्त्री भण्डारीले व्यापार समस्या समाधानका विषयमा प्रधानमन्त्री ओलीलाई जानकारी गराउनेगरी मन्त्रालयको कार्यक्रम तय भएको बताउनुभयो । प्रधानमन्त्री ओलीको भारत भ्रमणका क्रममा व्यापार प्रवर्द्धनका विषयमा पनि वार्ता हुने उहाँले बताउनुभयो । नेपालको पहिलो बजार छिमेकी देश भारत र चीन भएकाले दुवै देशबीच हुने व्यापार समस्या समाधान गर्न सरकारले काम गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो ।

दुवै देशबीच व्यापारको स्तरवृद्धि हुनेगरी काम गर्न मन्त्रालयले पहल गरिरहेको छ । रासस

**मधेश प्रदेश सरकार**
**भूमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
**धनुषा, जनकपुरधाम**

**ट्युबवेल/सोलार पम्प सेट/विद्युतीय मोटर जडानका लागि आवश्यक सामग्रीहरुको आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दरभाउसहित सिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०८२।०४।१४ गते**

यस कृषि ज्ञान केन्द्र, धनुषाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग कार्यक्रम तथा गा.पा.। न.पा.। वडा तोकिएको कार्यक्रममा धनुषा जिल्लाको कृषकस्तरमा ट्यूबवेल/सोलार मोटर पम्पसेट/विद्युतीय मोटर जडान तथा संचालन कार्य गर्नको लागी जडान कार्य गर्न गराउन जडान हुने सामग्रीहरुको न्युनतम दररेट आवेदक कृषक तथा केन्द्रलाई आवश्यक परेकोले ईच्छुक फर्म /कम्पनीले "सुख्खा एवम् खडेरीबाट तत्काल राहतका लागी "भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी २०८२" बमोजिम कार्य गर्न आवश्यक कागजात सहित ७ दिन भित्र प्रस्ताब पत्र (प्रति इकाई सिलबन्दी दरभाउपत्र) कृषि ज्ञान केन्द्र धनुषाबाट नगद रु ३००० अक्षरेपी रु तिन हजार मात्र (पछी फिर्ता नहुने गरी) तिरी खरिद गरि प्रस्ताव फारममा स्यालो ट्यूबेलमा लगान हुने सामग्रीहरुको स्पेसिफिकेसन तथा न्युनतम दररेट (मूल्य) उल्लेख गरि सहिछाप गरि मिति २०८२।०४।२० गते दिनको १२.०० बजे भित्र सिलबन्दी प्रस्तावपत्र फाराम दर्ता गराउन हुन अनुरोध छ । सम्बन्धित बिक्रेतालाई सिलबन्दी प्रस्तावको लागि चाहिने सम्पूर्ण विवरण प्रस्ताव पत्रमा उल्लेख गरिएको छ। दर्ता हुन् आएको प्रस्तावपत्र सोहि दिन दिनको २.०० बजे प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। खोलिएका प्रस्तावहरु प्रतिनिधिको रोहबरमा मूल्यांकन गरि गुणस्तरयुक्त प्रस्तावहरुलाई सूचिकृत गरिनेछ। फारममा आवेदकको सहिछाप नभएको पाना स्वीकार्य हुने छैन, स्वतः रद्द हुनेछ। प्रस्ताव संग संलग्न गर्नु पर्ने आवाश्यक कागजातहरु र Performance bond सम्बन्धी विवरण विस्तृत सूचना तथा प्रस्ताव फाराममा उल्लेख गरिएको छ। सुचनाको जानकारीको लागि कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाको वेबसाइट https://add.madhesh.gov.np/# बाट डाउनलोड गर्न सकिने छ तथा थप जानकारीको लागि केन्द्रको सम्पर्क नं. ९८५४०१०००९ मा सम्पर्क गर्न हुन अनुरोध छ।

**कार्यालय प्रमुख**

# आणविक हतियार त्याग्न बाध्य नपार्न अमेरिकालाई उत्तर कोरियाको चेतावनी

एएफपी


सियोल । उत्तर कोरियाका नेताकी शक्तिशाली बहिनीले मङ्गलबार संयुक्त राज्य अमेरिकालाई आणविक निःशस्त्रीकरणको विरुद्धमा चेतावनी दिनुभएको छ । यो चेतावनी ह्वाइट हाउसका एक अधिकारीले राष्ट्रपति डोनाल्ड ट्रम्प किम जोङ उनसँग वार्ताका लागि खुला रहेको बताएपछि आएको हो ।

"डिपिआरकेलाई आणविक हतियार राष्ट्रको रूपमा अस्वीकार गर्ने कुनै पनि प्रयासलाई... पूर्ण रूपमा अस्वीकार गरिनेछ", किम यो जोङ्ले उत्तर कोरियालाई यसको आधिकारिक नामको संक्षिप्त रूपमा उल्लेख गर्दै राज्य सञ्चारमाध्यमले प्रकाशित गरेको वक्तव्यमा भन्नुभयो ।

किमले आफ्नो दाइ र ट्रम्पबीचको 'व्यक्तिगत समयअघि ह्वाइट हाउसका एक अधिकारीले भन्नुभयो... उहाँ (ट्रम्प) अझै पनि उत्तर कोरियाको पूर्ण आणविक निःशस्त्रीकरण हासिल गर्न उत्तर कोरियाका नेतासँग वार्ताका लागि खुला हुनुहुन्छ", उत्तर कोरियाको आधिकारिक कोरियन सेन्ट्रल न्यूज एजेन्सीका अनुसार किम यो जोङ्ले मङ्गलबार भन्नुभयो ।

उहाँले ह्वाइट हाउसका एकजना अज्ञात अधिकारीलाई उद्धृत गरेको देखिन्छ । ती अधिकारीलाई सप्ताहन्तमा योन्हाप समाचार एजेन्सीले उद्धृत गर्दै ट्रम्प 'उत्तर कोरियालाई पूर्ण रूपमा आणविक निःशस्त्रीकरण गर्न नेता किमसँग कुराकानी गर्न खुला रहेको' बताएको थियो ।

"हाम्रो राज्यका प्रमुख र वर्तमान अमेरिकी राष्ट्रपतिबीचको व्यक्तिगत सम्बन्ध नराम्रो छैन भन्ने तथ्यलाई म अस्वीकार गर्न





सम्बन्ध' 'नराम्रो नभएको' बताउनुभयो, तर भविष्यको कुनै पनि वार्तामा 'आणविक निःशस्त्रीकरणको उद्देश्य पूरा गर्न' प्रयोग नगर्न चेतावनी दिनुभयो ।उत्तर कोरियाको आणविक निःशस्त्रीकरणसम्बन्धी सम्झौतामा पुग्नका लागि अमेरिकी राष्ट्रपतिको पहिलो कार्यकालमा ट्रम्प र उत्तर कोरियाली नेताबीच तीन पटक भेट भएको थियो ।

तर सन् २०१९ मा हनोईमा भएको दोस्रो शिखर सम्मेलनमा उत्तर कोरियाले यसको बदलामा के पाउने भन्ने कुरामा सहमति हुन नसकेपछि प्योङ्याङले आफ्नो आणविक कार्यक्रमलाई गति दिएको छ ।"केही

चाहन्नँ", उहाँले भन्नुभयो । तर उहाँले वासिङ्टनलाई आणविक निःशस्त्रीकरण हासिल गर्न यसलाई प्रयोग गर्ने प्रयास नगर्न चेतावनी दिनुभयो ।

"यदि यसलाई त्यस उद्देश्यका लागि प्रयोग गरियो भने, यसलाई अर्को पक्षको उपहास बाहेक अरू केही भनेर व्याख्या गर्न सकिँदैन", उहाँले संयुक्त राज्य अमेरिकासँग उत्तर कोरियालाई 'आणविक हतियार राज्य' का रूपमा मान्यता दिन आग्रह गर्दै भन्नुभयो ।ट्रम्पले उत्तर कोरियाली नेतासँग आफ्नो 'उत्कृष्ट सम्बन्ध' बारे कुरा गर्नुभएको छ र प्योङ्याङमा तेस्रो पुस्ताका शासकसँग पुनः वार्ता गर्न खोज्ने सङ्केत गर्नुभएको छ ।

# गाजामा 'अनिकालको सबैभन्दा खराब अवस्था' भइरहेको छ : खाद्य सङ्कट विशेषज्ञहरू

एपी

तेल अभिव ।"अनिकालको सबैभन्दा खराब अवस्था हाल गाजा पट्टीमा भइरहेको छ", खाद्य सङ्कटसम्बन्धी अग्रणी अन्तर्राष्ट्रिय प्राधिकरणले मङ्गलबार तत्काल कारबाही नगरेमा 'व्यापक मृत्यु' हुने भविष्यवाणी गर्दै नयाँ चेतावनीमा भनेको छ ।

अझै पनि औपचारिक अनिकाल घोषणा गर्न बाँकी रहेको यो चेतावनीले गाजामा कमजोर भएका बालबालिकाहरूको तस्बिर र लगभग २२ महिनाको युद्धपछि भोकमरीका कारण दर्जनौँको मृत्यु भएको रिपोर्टमाथि आक्रोश निम्त्याएको छ ।

अन्तर्राष्ट्रिय दबाबले इजरायललाई सप्ताहन्तमा गाजाका केही भागमा लडाइँमा दैनिक मानवीय विराम र हवाई सहायता सहितका उपायहरू घोषणा गर्न बाध्य बनाएको छ । संयुक्त राष्ट्रसङ्घ र भूमिमा रहेका प्यालेस्टिनीहरूले केही परिवर्तन भएको छैन भन्छन्, र निराश भीडले डेलिभरी ट्रकहरू गन्तव्यमा पुग्नुअघि नै घेरेर खाली गरिरहन्छन् ।

एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण वा आइपिसीले गाजा दुई वर्षदेखि अनिकालको सँघारमा पुगेको तर हालैका घटनाक्रमहरूले स्थिति 'नाटकीय रूपमा बिगारेको' भनेको छ । यसमा इजरायलको 'बढ्दो कडा नाकाबन्दी' समावेश छ ।औपचारिक अनिकाल घोषणाका लागि त्यस्तो प्रकारको आँकडाको आवश्यकता हुन्छ र जुन दुर्लभ छ- जुन गाजामा पहुँचको अभाव र भित्रको गतिशीलताले धेरै हदसम्म अस्वीकार गरेको छ ।

आइपिसीले केवल केही पटक मात्र अनिकाल घोषणा गरेको छ- सोमालियामा सन् २०११ मा, दक्षिण सुडानमा सन् २०१७ र सन् २०२० मा र गत वर्ष सुडानको पश्चिमी डार्फर क्षेत्रका केही भागहरूमा ।तर स्वतन्त्र विशेषज्ञहरूका अनुसार उनीहरूले गाजामा के देखिरहेका छन् भनेर जान्नका लागि औपचारिक घोषणाको आवश्यकता छैन ।

"जसरी एक पारिवारिक चिकित्सकले प्रायः प्रयोगशालामा नमूनाहरू पठाएर नतिजाका लागि प्रतीक्षा नगरी देखिने लक्षणहरूको आधारमा उनीसँग परिचित बिरामीको निदान गर्न सक्छ, त्यसै गरी हामी पनि गाजाका लक्षणहरूको व्याख्या गर्न सक्छौँ । यो अनिकाल हो", 'मास स्टारभेसनः द हिस्ट्री एन्ड फ्युचर अफ फेमिन' का लेखक तथा वर्ल्ड पिस फाउन्डेसनका कार्यकारी निर्देशकले भन्नुभयो ।



**अनिकाल घोषणा गर्न के चाहिन्छ ?**

**निम्न तीनवटै अवस्था पुष्टि भएमा कुनै क्षेत्रलाई अनिकालका रूपमा वर्गीकरण गरिन्छः**

कम्तीमा २० प्रतिशत घरपरिवारमा खानाको चरम अभाव छ, वा मूलतः भोकमरीमा छन् । कम्तीमा ३० प्रतिशत बालबालिकाहरू (छ महिनादेखि पाँच वर्षसम्मका) तीव्र कुपोषण वा दुर्बलताबाट पीडित छन्, यसको मतलब तिनीहरू आफ्नो उचाइका लागि धेरै पातला छन् । र प्रति १० हजारमा कम्तीमा दुई व्यक्ति वा पाँच वर्षमुनिका चार बालबालिका दैनिक भोकमरी वा कुपोषण र रोगको अन्तरक्रियाका कारण मरिरहेका छन् ।

जुलाई २५ सम्मका उपलब्ध जानकारीमा आधारित यो रिपोर्टले सङ्कट 'चिन्ताजनक र घातक मोडमा' पुगेको बताउँछ । यसले धेरैजसो गाजामा खाद्यान्न खपतका लागि अनिकालको सीमा – युद्ध सुरु भएयताकै सबैभन्दा निम्न स्तरमा – र गाजा सहरमा तीव्र कुपोषणका लागि पुगेको आँकडाले सङ्केत गरेको बताएको छ । रिपोर्टले गाजा सहरमा पाँच वर्षमुनिका प्रत्येक एक सय बालबालिकामध्ये झण्डै १७ जना तीव्र कुपोषणमा परेको बताएको छ ।

बढ्दो प्रमाणले 'व्यापक भोकमरी' देखाउँछ । अत्यावश्यक स्वास्थ्य र अन्य सेवाहरू ध्वस्त भएका छन् । विश्व खाद्य कार्यक्रमका अनुसार गाजामा तीनमध्ये एक जना मानिस एक पटकमा केही दिनसम्म खाना बिना नै बस्छन् । अस्पतालहरूले पाँच वर्षमुनिका बालबालिकाहरूमा भोकमरीसँग सम्बन्धित मृत्युको तीव्र वृद्धि भएको रिपोर्ट गर्छन् । बीस लाखभन्दा बढी जनसङ्ख्या भएको गाजा विनाशकारी क्षेत्रका बढ्दो सानो क्षेत्रहरूमा निचोडिएको छ ।

मे महिनामा आइपिसीको पछिल्लो विश्लेषणले यदि इजरायलले आफ्नो नाकाबन्दी हटाउन र आफ्नो सैन्य अभियान रोक्न नसकेमा गाजा सम्भवतः अनिकालमा पर्ने चेनावनी दिएको थियो । यसको नयाँ चेतावनीले तत्काल र ठूलो-स्तरको कारबाहीको आह्वान गर्दछ र चेतावनी दिन्छः "अहिले कार्य गर्न असफल भएमा पट्टीका धेरैजसो भागमा व्यापक मृत्यु हुनेछ ।"

**सहायता प्रतिबन्धहरू कस्तो देखिन्छन् ?**

इजरायलले युद्धभरि विभिन्न मात्रामा सहयोग सीमित गरेको छ । मार्चमा यसले हमासलाई बन्धक मुक्त गर्न दबाब दिन इन्धन, खाद्यान्न र औषधि लगायत सबै सामानहरूको प्रवेश बन्द गरेको थियो ।

इजरायलले मेमा ती प्रतिबन्धहरू सहज बनायो तर अराजकता र हिंसाले ग्रस्त भएको अमेरिकी समर्थित नयाँ सहायता वितरण प्रणालीलाई पनि अगाडि बढायो । परम्परागत, संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा सहायता प्रदायकहरूले इजरायली सैन्य प्रतिबन्धहरू र लुटपाटका घटनाहरूले डेलिभरीमा बाधा पुऱ्याएको तथा अपराधीहरू र भोकाएको भीडले प्रवेश गर्ने सहायता सामग्री बोकेका सवारी साधनहरूमा आक्रमण गरेको बताएका छन् ।

इजरायलले गाजामा कतिवटा सहायता ट्रकहरू प्रवेश गर्न सक्छन् भन्नेमा कुनै सीमा छैन भनेको छ, तर संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरू र सहायता समूहहरूले बढ्दो भोकमरीको सामना गर्न नवीनतम मानवीय उपायहरू पनि पर्याप्त नभएको बताएका छन् । सोमबार एक वक्तव्यमा, डाक्टर्स विदाउट बोर्डर्सले नयाँ हवाई सहायतालाई अप्रभावी र खतरनाक भन्दै ट्रकहरूभन्दा कम सहायता पुऱ्याउने बताए ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजामा कोही भोकै मरिरहेको छैन र इजरायलले युद्धभरि पर्याप्त सहायता आपूर्ति गरेको भन्नुभएको छ । उहाँले भन्नुभएको छ, "अन्यथा, त्यहाँ कुनै गाजाबासी हुने थिएनन् ।" इजरायली सेनाले सोमबार 'गाजामा जानाजानी भोकमरीका झूटा दाबीहरू' भन्दै आलोचना गरेको थियो ।

इजरायलको सबैभन्दा नजिकको सहयोगीले अब असहमति जनाएको देखिन्छ । "ती बालबालिकाहरू धेरै भोकाएका देखिन्छन्", अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार हालका दिनहरूमा गाजाका तस्बिरहरूको बारेमा भन्नुभयो ।

**'गाजामा भोकमरी र हिंसाको सर्वाधिक मारमा महिला र बालबालिका'**

संयुक्त राष्ट्रसंघअन्तर्गतको महिला सम्बन्धी संस्था (युएन वुमन) ले गाजा क्षेत्रमा रहेका करिब १० लाख महिला र बालबालिकाहरू भोकमरी, हिंसा र अपमानजनक अवस्थाको चपेटामा परेको गम्भीर जानकारी सार्वजनिक गरेको छ ।

संस्था अनुसार गाजामा अहिले कुपोषण तीव्र रूपमा फैलिएको छ, आधारभूत सेवा सुविधा पूर्ण रूपमा ध्वस्त भइसकेको छ र महिलाहरू बाँच्नका लागि अत्यन्तै जोखिमपूर्ण उपायहरू अपनाउन बाध्य भएका छन् ।

युएन वुमनकी कार्यकारी निर्देशक सिमा बाहोसले उक्त विज्ञप्तिमा भन्नुभयो,"गाजाका महिला र बालबालिकाहरूको अगाडि अहिले दुई मात्रै विकल्प छन् – आश्रयस्थलमै भोकभोकै मर्नु वा खाना र पानीको खोजीमा बाहिर निस्कनु, जहाँ उनीहरू गोली लागेर मर्न सक्छन् । उनीहरूका आफ्नै सन्तान आमाको आँखाअगाडि भोकले तड्पिएर मर्दै छन्। यो अवस्था अत्यन्तै दर्दनाक, अमानवीय र अस्वीकार्य हो ।"बाहोसले थप भन्नुभयो, "यो पीडादायक अवस्था तत्काल अन्त्य हुनुपर्छ । हामीलाई तत्काल, स्वतन्त्र र ठूलो मात्रामा राहत सहायता आवश्यक छ । साथै, स्थायी युद्धविराममार्फत दीगो शान्तिको प्रक्रिया अगाडि बढाइनुपर्छ ।"

गाजाभित्रका महिला नेतृत्व भएका संस्थाहरूले प्रत्यक्ष रूपमा दिएको विवरण अनुसार, त्यहाँका महिलाहरू फालिएको खाना उमालेर आफ्ना बालबालिकालाई खुवाइरहेका छन् । पानी र खाना खोज्न बाहिर निस्कँदा उनीहरूलाई गोली लाग्ने खतरा अत्यन्तै उच्च छ । उनीहरूका लागि अत्यावश्यक सरसफाइका सामग्री, औषधि, सुरक्षित आश्रय र मर्यादाको वातावरण समेत छैन ।

विज्ञप्तिमा हालसम्म गाजा क्षेत्रमा २८ हजारभन्दा बढी महिला र बालिकाहरूको मृत्यु भइसकेको उल्लेख गरिएको छ । तीमध्ये अधिकांश आमाहरू छन्, जसको मृत्युले उनीहरूका बच्चा र वृद्ध आफन्तहरूलाई बेसाहारा बनाएको छ । गर्भवती महिलाहरू खाना, पानी र उपचारबिना सुत्केरी भइरहेका छन्, जसले उनीहरूलाई ज्यानको जोखिममा पारेको छ ।

संस्थाले संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय मानवीय संस्थाहरूको आह्वानमा साथ दिँदै गाजामा राहत पुऱ्याउने बाटोमा रहेका सबै अवरोधहरू हटाइनु पर्ने, सबै बन्धकहरूको रिहाइ गरिनुपर्ने र तत्काल युद्धविरामको व्यवस्था गरिनुपर्ने माग पुनः दोहोऱ्याएको छ ।

युएन वुमनले अन्त्यमा भनिएको छ, "हामी आशा गर्छौं कि यसै हप्ता आयोजना भएको 'फिलिस्तीनको समस्याको शान्तिपूर्ण समाधानका लागि उच्चस्तरीय अन्तर्राष्ट्रिय सम्मेलन' अब निर्णायक मोड बन्न सकोस्। यसबाट इजरायल र फिलिस्तीनले दुई स्वतन्त्र राष्ट्रको रूपमा शान्तिपूर्वक र सुरक्षासहित सँगसँगै बस्न सकून् ।"

# कम्बोडियाले युद्धविराम भङ्ग गरेको थाई सेनाको आरोप

एएफपी

सुरिन ।थाइल्यान्डको सेनाले मङ्गलबार कम्बोडियामाथि घण्टौँ लामो युद्धविराम उल्लङ्घन गरेको आरोप लगाउँदै उनीहरूको जङ्गलले ढाकिएको सीमामा रक्तपातपूर्ण लडाइँ अन्त्य गर्ने सम्झौताका बाबजुद झडप जारी रहेको बताएको छ ।

सोमबार मलेसियामा भएको शान्ति वार्तापछि दुवै पक्षले आठ सय किलोमिटर (पाँच सय माइल) लामो सीमानामा रहेका विवादित क्षेत्रका प्राचीन मन्दिर हरूको विषयमा भएको लडाइँ अन्त्य गर्न मध्यरातबाट बिना शर्त युद्धविराम सुरु गर्ने सहमति गरेका थिए ।

"सम्झौता लागु हुँदा थाई पक्षले कम्बोडियाली सेनामाथि थाई क्षेत्रभित्रका धेरै क्षेत्रमा सशस्त्र आक्रमण गरेको पत्ता लगाएको थियो", थाई सेनाका प्रवक्ता विन्थाई सुवेरीले एक विज्ञप्तिमा भन्नुभयो, "यो सम्झौताको जानाजानी उल्लङ्घन र आपसी विश्वासलाई कमजोर पार्ने स्पष्ट प्रयास हो, थाइल्यान्ड आत्मरक्षाको आफ्नो वैध अधिकार प्रयोग गर्दै उचित प्रतिक्रिया दिन बाध्य छ ।"

कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेटाले कुनै पनि क्षेत्रमा एकअर्काविरुद्ध कुनै सशस्त्र झडप नभएको दाबी गर्नुभयो ।यद्यपि दुवै पक्षले युद्धविराम सम्झौताको भागका रूपमा सीमामा विपक्षी क्षेत्रीय कमान्डरहरूबीच बिहान तोकिएका बैठकहरू सुरु भएका वा सुरु हुन बाँकी रहेको बताए ।



"मैले दुई नेताले हात मिलाउँदै गरेको तस्बिर देखेँ", सीमाबाट ५० किलोमिटर टाढा रहेको थाई सहर सुरिनका ३२ वर्षीय फार्मेसी कामदार किटिसाक सुकविलाईले भन्नुभयो, "म केवल आशा गर्छु कि यो नक्कली मुस्कानसहितको फोटो खिचाउने मात्र नहोस् - र ती हातहरूले वास्तवमा एकअर्कालाई पछाडिबाट छुरा हान्ने तयारी नगरिरहेका होऊन् ।"

सीमाबाट २० किलोमिटर टाढा रहेको कम्बोडियाको सामराओङ सहरमा एएफपीका एक पत्रकारले मध्यरातसम्म ३० मिनेटअघिदेखि विस्फोटको आवाज रोकिएपछि मध्य बिहानसम्म शान्ति कायम रहेको बताए ।"मध्यरात १२ बजेको युद्धविरामपछि अग्रपङ्क्तमा शान्ति आएको छ", कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले मङ्गलबार बिहान फेसबुकमा सन्देशमा भन्नुभयो ।

**असल नियत**

जेट, रकेट र तोपखानाले गत बिहीबारदेखि कम्तीमा ३८ जनाको ज्यान लिएको छ र लगभग तीन लाख मानिसलाई विस्थापित गरेको छ । जसले गर्दा सप्ताहन्तमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको हस्तक्षेप आवश्यक परेको थियो ।सन् १९०७ मा कम्बोडियाको फ्रान्सेली औपनिवेशिक प्रशासकहरूले गरेको अस्पष्ट सीमाङ्कनका कारण दुवैले दावी गरेको इलाकामा सन् २००८-२०११ देखि छिटपुट हिंसा भड्कएपछि यो भड्काउ सबैभन्दा घातक थियो ।

"जब मैले समाचार सुनेँ म धेरै खुसी भएँ किनकि मैले मेरो घर र मैले छोडेको मेरा सामानहरू सम्झेँ", फेन नेथले सोमबार साँझ लडाइँबाट टाढा रहेको मन्दिर स्थलमा कम्बोडियाली विस्थापितहरूको विशाल शिविरमा भन्नुभयो, "म यति खुसी छु कि वर्णन गर्न सक्दिनँ ।"दुवै देशका साथै शान्ति वार्ताको आयोजना गर्ने मलेसियाको संयुक्त वक्तव्यले युद्धविराम 'तनाव कम गर्न र शान्ति तथा सुरक्षा पुनःस्थापनाको दिशामा महत्त्वपूर्ण पहिलो कदम हो' भनेको छ ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले सोमबार साँझ एक वक्तव्यमा भनेका छन्, "महासचिव गुटेरेसले दुवै देशलाई सम्झौताको पूर्ण सम्मान गर्न र दीर्घकालीन मुद्दाहरूलाई सम्बोधन गर्न र स्थायी शान्ति प्राप्त गर्न अनुकूल वातावरण सिर्जना गर्न आग्रह गर्नुभएको छ ।"दुवै पक्षले ट्रम्पको भारी भन्सार शुल्कको खतरालाई रोक्न व्यापार सम्झौताका लागि अनुरोध गरिरहेका छन् र अमेरिकी विदेश मन्त्रालयले आफ्ना अधिकारीहरू शान्ति वार्ताको नेतृत्व गर्न 'जमिनमा' रहेको बताएको छ ।

मलेसियाका प्रधानमन्त्री तथा आसियान ब्लकका अध्यक्ष अनवर इब्राहिमले आफ्नो देशको प्रशासनिक राजधानी पुत्रजयामा आयोजना गरिएको वार्तामा चीनको पनि 'सक्रिय सहभागिता' रहेको संयुक्त विज्ञप्तिमा उल्लेख छ । हुन मानेटले ट्रम्पलाई उहाँको 'निर्णायक' समर्थनका लागि धन्यवाद दिनुभयो भने उहाँका समकक्षी, थाई कार्यवाहक प्रधानमन्त्री फुमथम वेचाचाइले भन्नुभयो, "यो दुवै पक्षले सद्भावका साथ गर्नुपर्दछ ।"

**युद्धविराम पछिका भन्सार सम्झौताहरू**

थाई राजा महा भाजिरालोङ्गकोर्नले सोमबार आफ्नो ७३औँ जन्मदिन मनाउनुभयो, तर देशको राजपत्रमा एक सूचनामा बैङ्कको ग्रान्ड प्यालेसमा हुने उहाँको सार्वजनिक उत्सव द्वन्द्वको बीचमा रद्द गरिएको बताइएको छ ।प्रत्येक पक्ष पहिले नै सैद्धान्तिक रूपमा युद्धविराममा सहमत भइसकेका छन् । यद्यपि अर्कोले शान्ति प्रयासहरूलाई कमजोर पारेको आरोप लगाउँदै र क्लस्टर बमको प्रयोग र अस्पतालहरूलाई निशाना बनाउने बारेमा आरोप-प्रत्यारोप गरिरहेका छन् ।

# भारी वर्षा र भूस्खलनबाट उत्तरी चीनमा ३० जनाको मृत्यु

एएफपी

मियुन ।बेइजिङमा भारी वर्षाले ३० जनाको ज्यान लिएपछि अधिकारीहरूलाई हजारौँ मानिसलाई सुरक्षित स्थानमा सार्न बाध्य बनाएको छ ।

उत्तरी चीनका विस्तृत भूभागहरूमा मुसलधारे वर्षाले घातक पहिरोहरू निम्त्याएको राज्य सञ्चारमाध्यमले मङ्गलबार जनाएको छ ।मौसम अधिकारीहरूले राजधानी, छिमेकी हेबेई र तियानजिनका साथै उत्तरी, पूर्वी र दक्षिणी चीनका अन्य १० प्रान्तका लागि दोस्रो उच्च वर्षाको चेतावनी जारी गरेको राज्य समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।वर्षा बुधबारसम्म जारी रहने अपेक्षा गरिएको छ ।

"सोमबार मध्यरातसम्म पछिल्लो चरणको भारी आँधी वर्षाले बेइजिङमा ३० जनाको ज्यान लिएको छ," सिन्ह्वाले सहरको नगरपालिका बाढी नियन्त्रण मुख्यालयलाई उद्धृत गर्दै भनेको छ ।चिनियाँ राजधानीमा मात्रै ८० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको स्थानीय सरकारी आउटलेट बेइजिङ डेलीले सामाजिक सञ्जालमा जनाएको छ ।सहरको केन्द्रबाट उत्तरपूर्वमा रहेको उपनगरीय जिल्ला मियुनमा सबैभन्दा बढी मृत्यु भएको बताइएको छ ।

सहरको उत्तरमा रहेको हुआइरोउ जिल्ला र दक्षिणपश्चिममा रहेको फाङ्सान पनि नराम्ररी प्रभावित भएको राज्य सञ्चार माध्यमले जनाएको छ ।दर्जनौँ सडक बन्द भएको र १३० वटाभन्दा बढी गाउँले बिजुली गुमाएको बेइजिङ डेलीले जनाएको छ ।"कृपया मौसम पूर्वानुमान र चेतावनीहरूमा ध्यान दिनुहोस् र आवश्यक नभएसम्म जोखिमपूर्ण क्षेत्रहरूमा नजानुहोस्", आउटलेटले भन्यो ।



**पूर्ण प्रयासहरू**

चिनियाँ राष्ट्रपति सी जिनपिङले सोमबार राति अधिकारीहरूलाई सबैभन्दा खराब अवस्थाका लागि योजना बनाउन र बाढी प्रभावित क्षेत्रका बासिन्दाहरूलाई स्थानान्तरण गर्न आग्रह गर्नुभयो ।बेइजिङ डेलीका अनुसार स्थानीय अधिकारीहरूले बेपत्ता व्यक्तिहरूको खोजी र उद्धारका लागि र हताहतीको सङ्ख्या घटाउन सबै प्रयास गरेका छन् ।

सरकारले भारी वर्षाले प्रभावित नौ क्षेत्रमा विपद् राहतका लागि ३५ करोड युआन (चार करोड ९० लाख डलर) छुट्याएको राज्य प्रसारणकर्ता सिसिटिभीले मङ्गलबार जनाएको छ ।यसमा उत्तरी बेइजिङ, तियानजिन, हेबेई, साङ्सी, साआङ्सी, भित्री मङ्गोलिया, उत्तरपूर्वी जिलिन, पूर्वी साङ्डोङ र दक्षिणी गुआङ्डोङ समावेश छन् । राजधानीका लागि छुट्टै २० करोड युआन छुट्याइएको प्रसारकले बताएको छ । राजधानीलाई घेरेको हेबेई प्रान्तमा चेङ्दे सहर नजिकैको गाउँमा भएको भूस्खलनमा चार जनाको मृत्यु भएको र आठ जना अझै बेपत्ता रहेको सिसिटिभीले सोमबार जनाएको छ ।स्थानीय अधिकारीहरूले मङ्गलबार साँझसम्म आकस्मिक बाढीको चेतावनी जारी गरेका छन् । चेङ्दे र वरपरका क्षेत्रहरू उच्च सतर्कतामा रहेको हेबेईको रेडियो र टेलिभिजन स्टेसनले जनाएको छ ।

सन् २०२३ मा भारी वर्षाले उत्तरी र उत्तरपूर्वी चीनमा ८० जनाभन्दा बढीको ज्यान गएको थियो । यसमा हेबेईमा कम्तीमा २९ जना थिए । त्यहाँ गम्भीर बाढीले घर र बालीका खेतहरू नष्ट गरेको थियो । त्यस समयका केही रिपोर्टहरूले बाढीलाई राजधानीबाट टाढा सार्ने सरकारी निर्णयको भार प्रान्तले बोकेको बताएका थिए ।

**जलवायु परिवर्तन कारक**

चीनभर प्राकृतिक प्रकोपहरू सामान्य छन् । विशेष गरी गर्मीमा जब केही क्षेत्रहरूले भारी वर्षाको अनुभव गर्छन् भने अरूहरू भीषण गर्मी हुन्छ ।

# नेपालमा बाघको संख्या ‘धान्ने क्षमता’ चार सय

काठमाण्डु । पाटेबाघ संरक्षणको महत्त्वबारे जनचेतना फैलाउने उद्देश्यले हरेक वर्ष जुलाई २९ मा ‘विश्व बाघ दिवस’ मनाइन्छ । सन् २०१० मा रुसको सेन्टपिटर्सवर्गमा आयोजित अन्तरराष्ट्रिय बाघ मञ्चले उक्त घोषणा गरेसँगै ‘विश्व बाघ दिवस’ मनाउन थालिएको हो ।

उक्त मञ्चमा पहिलो विश्व बाघ सम्मेलन भएको थियो । नेपालमा पनि दिवसका अवसरमा वन तथा वातावरण मन्त्रालयले विभिन्न कार्यक्रम गर्दै आएको छ । सन् २०२२ मा गरिएको पछिल्लो राष्ट्रिय बाघ गणनाअनुसार नेपालमा हाल बाघको संख्या ३५५ पुगेको छ ।

नेपालमा बाघको संख्या लक्ष्यभन्दा धेरै वृद्धि भएसँगै यिनको व्यवस्थापन, मानव-बाघ द्वन्द्व, बासस्थानलगायत विविध चुनौतीसमेत देखिएका छन् । मध्यवर्ती क्षेत्रका स्थानीय घाँस दाउरा, निहुरो टिप्न र गाईभैंसी चराउन जाने क्रममा बाघको आक्रमणमा पर्ने गरेका छन् । त्यस्तै कतिपय अवस्थामा बाघको चोरीसिकारी हुने, स्थानीय जनताको आक्रोशको निशानामा पर्ने र ठूला तथा लामा पूर्वाधारमा वारपार गर्ने क्रममा बाघ मर्नेक्रम पनि बढेको छ ।



**बाघको संख्याको ‘धान्ने क्षमता’ चार सय**

वर्तमान अवस्थामा नेपालमा बाघको संख्याको आवश्यकताका बारेमा बहस सुरु भएको छ ।

कतिपयले वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको संख्या बढी भएको तर्क गरेका छन् भने कतिपयले बाघको संख्याको ‘धान्ने क्षमता’ (क्यारिङ क्यापासिटी) चार सय हाराहारी रहेको बताएका छन् ।

नेपालमा बाघको संख्याको ‘धान्ने क्षमता’का बारेमा हाल मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल)लगायत संस्थाले अध्ययन गरिरहेका छन् ।

जेडएसएलका राष्ट्रिय प्रतिनिधि डा भगवानराज दाहालले अध्ययनको प्रारम्भिक प्रतिवेदनले नेपालमा बाघको संख्या धान्ने क्षमता चार सय हाराहारी रहेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “त्यसैले अहिले बाघको संख्या बढी भयो भन्न मिल्दैन, बरु बाघलाई आफ्नो बासस्थानमा अडिनका लागि गुणस्तरीय आहारा वृद्धि गर्न पानीका स्रोत र घाँसेमैदान बढाउनतर्फ लाग्नुपर्छ ।” उहाँले बाघको संख्याको अनुपातमा हाल संरक्षणको क्षेत्रफल कम नभएको तर्क गर्दै बासस्थानको गुणस्तरीयता बढाउनुपर्नेमा जोड दिनुभयो ।

पाटे बाघ विश्वका १३ देशमा पाइन्छन् । ती मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको संख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो । उक्त सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको संख्या १२१ लाई बढाएर दोब्बर पुऱ्याउने प्रतिबद्धता जनाएको थियो । हाल नेपालमा बाघको संख्या बढेर त्यसको झण्डै तेब्बर पुगेको छ । राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) का निर्देशक तथा बाघ विषयमै विद्यावारिधि गर्नुभएका डा चिरिञ्जीवीप्रसाद पोखरेलले मुलुकको पर्यापर्यटनमा बाघको सबैभन्दा बढी महत्व रहेको उल्लेख गर्नुभयो । उहाँले बाघ निश्चित क्षेत्रफल ओगटेर बस्ने र अर्को भालेसँगको जुधाइ, आहाराको खोजी, जङ्गलभित्रका खोला पोखरी सुक्दा खानेपानीको खोजीलगायत कारण मात्र बासस्थानबाट बाघ जङ्गल बाहिर आउने गरेको बताउनुभयो ।

**मानव-बाघ सहअस्तित्वका कार्यक्रम आवश्यक**

“बाघले आफ्नो आनीबानी परिवर्तन नगर्ने भएकाले मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि मानिसले संरक्षित क्षेत्रमा जानेलगायत आनीबानी परिवर्तन गर्नुपर्छ”, निर्देशक डा पोखरेलले भन्नुभयो, “मन्त्रालयसँग मिलेर हामीले बाघ संरक्षणका सवालमा समुदायमा जनचेतना जगाउने र आर्यआर्जनलगायत सीपमूलक तालिम तथा कार्यक्रम गर्दै आएका छौँ ।” उहाँले पर्यापर्यटन प्रवर्द्धन गर्न र मानवसँगको द्वन्द्व रोकथामका लागि मानव-बाघ सहअस्तित्वका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

पछिल्लो सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा १२८ वटा र बर्दिया राष्ट्रिय निकुञ्जमा एक सय २५ बाघ रहेका छन् । त्यस्तै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ रहेको मन्त्रालयको तथ्याङ्क छ ।

नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै हरेक चार वर्षमा राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ । नेपालमा बाघको संख्या सन् १९९५ मा ९८, सन् २००० मा १०९, सन् २००५ मा १२६, सन् २००९ मा १२१, सन् २०१३ मा एक सय ९८ र सन् २०१८ मा बाघको संख्या बढेर २३५ पुगेको थियो ।

विश्वजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले बाघ पर्यापर्यटनको ठूलो धरोहर भएको बताउँदै सबै मिलेर यसको संरक्षणमा लाग्नुपर्ने बताउनुभयो । मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि जङ्गल वरपरका स्थानीयलाई जङ्गल नपस्ने गरी जीविकोपार्जनको विकल्प दिनुपर्ने, स्थानीयको वन्यजन्तुप्रति गर्ने आनीबानीमा परिवर्तन गर्नुपर्ने उहाँको सुझाव छ ।

उहाँले भन्नुभयो, “वन्यजन्तुको वासस्थानको राम्रो व्यवस्थापन गर्नसके वन्यजन्तु बाहिर निस्किँदैनन् र स्थानीयलाई पनि वैकल्पिक आयको व्यवस्था गर्नसके जीविकोपार्जनका लागि जङ्गल जान बाध्य नहुने अवस्था बनाउन सकिन्छ । यसमा सरोकारवाला सबै लाग्नुपर्छ ।” बाघ समस्या नभएको र यसको व्यवस्थापन गर्नुपर्ने उहाँको तर्क छ ।

**विश्वमा बाघको संख्या पाच हजार ३५७**

नेपालबाहेक भारत, चीन, भुटान, रुस, बङ्गलादेश, भियतनाम, म्यान्मा, मलेसिया, इन्डोनेसिया, थाइल्याण्ड र लाओसमा पाटेबाघ पाइन्छन् । विश्वभर सन् १९०० सम्म एक लाखको हाराहारीमा बाघको संख्या रहेको अनुमान थियो । त्यो संख्या सन् २०१० मा घटेर तीन हजार २०० मा सीमित भएको थियो ।

विश्ववन्यजन्तु कोषको तथ्याङ्कअनुसार त्यसपछिका विश्वभरबाट भएका संरक्षणका प्रयासले बाघको संख्या बढेर सन् २०१६ मा तीन हजार ९०० र सन् २०२२ मा चार हजार ५०० पुगेको थियो । सन् २०२५ पछिल्लो तथ्याङ्कअनुसार विश्वमा बाघको संख्या बढेर पाँच हजार ३५७ पुगेको छ । त्यसमध्ये सबैभन्दा बढी भारतमा तीन हजार १६७, रुसमा ७५०, इण्डोनेसियामा ४००, नेपालमा ३५५, थाइल्याण्डमा एक सय ८९, भुटान १५१, मलेसियामा १५०, बङ्गलादेशमा १४६, म्यान्मामा २२ चीनमा २० भियतनाममा पाँच र लाओसमा दुई वटा बाघ रहेका छन् ।

निकुञ्ज विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले छिमेकी मुलुक भारतका राष्ट्रिय निकुञ्जमा रहेका बाघको घनत्व हेर्दा नेपालको बाघको संख्या धेरै भयो भन्न नमिल्ने बताउनुभयो । गुणस्तरीय घाँसेमैदान, पानीको स्रोत र आहारा वृद्धि गरी बाघको संख्या अहिलेकै क्षेत्रफलमा थप गर्न सकिने प्रसस्त सम्भावना रहेको उहाँको तर्क छ ।

मानव-बाघ द्वन्द्व न्यूनीकरणका लागि आफूहरुले विभिन्न प्रयास गरिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, “विभागले विभिन्न निकायसँग मिलेर बाघ र मानव सहअस्तित्वका विभिन्न कार्यक्रम गरिरहेको छ । बाघ जङ्गलको भित्री भागमा रहिरहनका लागि गुणस्तरीय आहाराको वृद्धि र स्थानीयलाई पनि जीविकोपार्जनका लागि जङ्गलको भित्री भागमा जान बाध्य नहुने अवस्थाका लागि प्रयास गरिरहेका छौँ ।”

> वर्तमान अवस्थामा नेपालमा बाघको संख्याको आवश्यकताका बारेमा बहस सुरु भएको छ । कतिपयले वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको संख्या बढी भएको तर्क गरेका छन् भने कतिपयले बाघको संख्याको “ धान्ने क्षमता” (क्यारिङ क्यापासिटी) चार सय हाराहारी रहेको बताएका छन् ।

**देशभरका खोरमा १८ समस्याग्रस्त बाघ**

बाघको संख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढ्दो छ । खासगरी मानव बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ ।

हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको संख्या १८ वटा छ । तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा पाँच, चितवन राष्ट्रिय निकुञ्जमा सात, बर्दिया राष्ट्रिय निकुञ्जमा चार, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक बाघ खोरमा राखिएका छन् । यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनी सरकारको ठूलो रकम खर्च हुँदै आएको छ ।बाघलाई मार्न र बेचबिखन गर्न नपाइने कानुनी प्रावधान छ । तसर्थ समस्याग्रस्त यस्ता बाघको व्यवस्थापनका लागि ‘टाइगर जु’ स्थापना गर्नुपर्ने, मित्रराष्ट्रलाई वन्यजन्तु कूटनीतिमार्फत उपहारस्वरुप प्रदान गर्नुपर्ने, प्रदेशमा रहेका प्राणी उद्यानमा व्यवस्थापन गरी आयआर्जन गर्न सकिने, केही उपाय नलागे मार्नुपर्नेलगायत विकल्पमाथिसमेत बहस सुरु भएको छ ।

**चितवन निकुञ्जमा बाघ पाल्न बजेट अभाव**

चितवन राष्ट्रिय निकुञ्ज र आसपासका क्षेत्रबाट नियन्त्रणमा लिइएका बाघ पाल्न मुस्किल हुने गरेको छ । बजेट अभावमा बाघ पाल्न कठिन हुने गरेको हो ।

चितवन राष्ट्रिय निकुञ्जको खोरमा सात बाघ रहेका छन् । निकुञ्जको मुख्य कार्यालय कसरामा तीन, सौराहामा दुई र देवनगरमा दुई बाघ छन् । मानव बस्तीमा पसेर हिंस्रक गतिविधि गरे वा बिरामी भएमा बाघलाई नियन्त्रणमा लिएर खोरमा राख्ने गरिन्छ । दैनिक मासु खुवाउनु पर्छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार वार्षिक रुपमा ती बाघ पाल्न रु ३० लाख हाराहारी बजेट चाहिन्छ । एउटा बाघलाई दैनिक पाँच किलोदेखि सात किलो राँगाको मासु खुवाउनुपर्ने हुन्छ । सरकारले नियन्त्रणमा लिइएका बाघ पाल्न वार्षिक रु पाँच लाख हाराहारी मात्रै बजेट छुट्याउने गरिएको उहाँले बताउनुभयो ।

सूचना अधिकारी थापामगरले भन्नुभयो, “गत आर्थिक वर्षमा बाघका लागि रु २२ लाख हाराहारी मासुको भुक्तानी गर्न बाँकी छ । एक महिनामा सात बाघलाई दैनिक पाँच किलोका दरले राँगाको मासु खुवाउँदा मासिक रु दुई लाखभन्दा बढी खर्च हुन्छ । बाघलाई दैनिक मासु खुवाइरहेको भए पनि रकम भुक्तानी गर्न नसकिएको उहाँले जानकारी दिनुभयो ।

“खोरमा थप बाघ राख्ने ठाउँ छैन”, सूचना अधिकारी थापामगरले भन्नुभयो । राख्ने ठाउँ नभएपछि गत वर्ष एउटा बाघ पर्सा पठाइएको थियो । बर्सेनि बाघको आहाराका लागि बजेट घट्दै जाने र नियन्त्रणमा लिनुपर्ने बाघ थपिँदै जाने हुँदा समस्या भएको उहाँले बताउनुभयो ।

पछिल्लो गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा वयस्क बाघ १२८ रहेका छन् । आहारा प्रजातिको संख्या बढ्दै जाँदा बाघको संख्या पनि बढ्दै गएको छ । यो निकुञ्ज बाघका लागि राम्रो बासस्थान हो ।रासस

# भएन डुबान, भित्र्याए किसानले चैते धान

भजनी । कैलालीको भजनी नगरपालिका-३ की सीतादेवी चौधरी यतिबेला धान काट्न व्यस्त हुनुहुन्छ । चैतमा रोपेको धान दोस्रोपटक काट्न उहाँ व्यस्त हुनुभएको हो । पहिलो चरणमा जेठमै धान भित्र्याएकी सीता दोस्रोपटक धान भित्र्याउन पाउँदा खुसी हुनुहुन्छ ।

“यस वर्ष वर्षा नभएपछि डुबान नहुँदा दोस्रोपटक धान फलेको हो”, उहाँ भन्नुहुन्छ, “चैते धान लगाएका अधिकांश किसानलाई आजभोलि धान भित्र्याउन भ्याइनभ्याइ छ ।” किसानले पहिलोपटक काटेको धानको बोटमा नयाँ टुसा हालेर पुनः धानका बाला लाग्ने गर्छन् । अधिकांश किसान यतिबेला धान भित्र्याउन खेतमा व्यस्त देखिएका छन् ।

यस वर्ष वर्षा कम भएपछि बाढी र डुबानमा पर्ने भजनीका फाँटमा पानी भरिएको छैन । तिनै खेतीयोग्य फाँटमा किसानले चैते धानखेती गर्दै आउनुभएको छ । डुबान नभएपछि चैते धान लगाएका अधिकांश क्षेत्र धानका लटरम्म बाला देख्न सकिन्छ । खेतमा बढी पानी भएको ठाउँमा किसानले आफैं धान काटेर भित्र्याउन लागेका छन् । पानी नभएको क्षेत्रका कतिपय किसानले मेसिन लगाएर धान काट्ने काम गर्दै आएका छन् । “कतिपयलाई पानी नपरेर तनाव भए पनि हामी खुसी छौँ ।” सुनिता डगौरा भन्नुहुन्छ, “पानी नपरेकै कारण दोस्रोपटक धान भित्र्याउन पाएका छौँ । आजसम्म बाढी र डुबानका कारण विस्थापित भएर सडकमा आउनपरेको छैन ।”

दोस्रोपटक भित्र्याउने धानमा किसानको लगानी शून्य हुन्छ । त्यसमा किसानले मलखाद, सिँचाइ, गोडमेलजस्ता सकिने भजनी-८ का किसान जयप्रसाद ढुङ्गाना बताउनुहुन्छ । “केही लगानी नगरेर किसानले अहिले प्रतिबिघा पाँचदेखि १० क्विन्टलसम्म धान उत्पादन गरिरहनुभएको छ ।” उहाँले भन्नुभयो, “ढाइ बिघामा मेरो पनि करिब १२ क्विन्टलभन्दा बढी धान उत्पादन भएको छ । जहाँ मेरो कुनै लगनी थिएन ।”

उत्पादनका हिसाबले बर्खे धानभन्दा चैते धान निकै उपयोगी छ । किसानले एक बिघामा ४० क्विन्टलसम्म चैते धान उत्पादन गर्न सक्छन् । दोस्रोपटक त्यसैअनुरूपको हेरचाह गर्न सक्यो र डुबान भएन भने २० क्विन्टलसम्म उत्पादन गर्न सकिने किसान बताउँछन् । “बर्खे धानभन्दा लागत चैते धानमा बढी छ । त्यसैअनुसारको उत्पादनले पनि किसान सन्तुष्ट छन् ।” सोही ठाउँका किसान बुद्धिराम थारू भन्नुहुन्छ, “किसानले ढुक्कका साथ चैते धानखेती गर्ने भएका कारण पनि भजनी क्षेत्रमा यसको महत्त्व बढ्दै गएको छ ।”

त्यतिमात्र नभई बाढी र डुबानको जोखिन नहुने भएपछि किसानले चैते धानमा लगानी गर्न कुनै कन्जुस्याइँ नगरेको पाइन्छ । बर्खे धान भित्र्याउने कुनै प्रत्याभूति नभएका किसानलाई चैते धान नै प्रमुख स्रोत हो भन्ने बुझाइ छ । “बर्खे बालीमा लगानी गर्न हामी डराउँछौं । किनभने लागत नै उठ्ने कुनै ग्यारेन्टी हुँदैन”, किसान कमला चौधरीले भन्नुभयो, “चैते धानमा लगानी गरेर पछुतो मान्नुपरेको छैन । बरु बिनालगानी उत्पादन दिइरहेको छ ।”

भजनीमा चैते धान विस्तार कार्यक्रममा राष्ट्रिय



कुनै काम गर्दैनन् । उत्पादनको माया मारेको ठाउँबाट उत्पादन हुन थालेपछि किसान उत्साहित देखिन्छन् । खासगरी डुबान भएन र हेरचाह राम्रो पाएको खण्डमा किसानले एकै बालीबाट दुईपटक लाभ लिने उनीहरूको भनाइ छ । अझै पहिलोपटकको जस्तो हेरचाह भए पहिलोपटकको आधा उत्पादन दोस्रोपटक गर्न कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ धनगढीले सहयोग गर्दै आएको छ । चैते धान विस्तार जोन नै सञ्चालन गर्दै आएको कार्यान्वयन एकाइका प्रमुख गोविन्दराज जोशीले एकपटक काटेको धान अर्कोपटक फल्नु धेरै राम्रो कुरा भएको बताउनुहुन्छ । “हामीले यसको विषयमा खोजबिन गरेका छैनौं ।रासस

# मौरीपालनबाट वार्षिक ६५ लाख आम्दानी

गलकोट । बागलुङ नगरपालिका-१२ अमलाचौरका डिलबहादुर केसीको मौरीपालन व्यवसायमा चर्चित छ । उहाँ मौरीबाजेको नामले बढी चिनिनुहुन्छ ।

केसीले बलेवा मौरीपालन उद्योग सञ्चालन गर्नुभएको छ । विसं २०५६ मा १० हजार लगानीमा दुई मौरीको घारबाट थालिएको मौरीपालन व्यवसायमा उहाँले अहिले रु एक करोड लगानी गरिसक्नुभएको छ । उद्योगका रूपमा स्थापित भएको मौरीपालन व्यवसायका कारण सिँगो बलेवा समेत परिचित हुँदै आएको छ ।एक/दुई घार हुँदै थपिएका मौरीका घार अहिले ३५० पुगेका छन् भने उद्योगबाट वार्षिक दुई हजार ५०० मौरीका घार देश भरका विभिन्न जिल्लामा बिक्री भइरहेका छन् । केसीका दुई छोराले उद्योगलाई प्रविधिसँग जोडेर आधुनिक मौरीका घार बनाइरहेका छन् ।



“मत ६० वर्ष कटे, मौरीको स्याहार मात्रै गर्छु । छोरा जगत र जनकको नेतृत्वमा थप छ जनालाई रोजगारी दिएर आधुनिक मौरीका घार उत्पादन भइरहेका छन्, अहिले चितवनबाट ४०० मौरीका घारको माग आएपछि उद्योगमा धमाधम काम भइरहेको छ”, केसीले भन्नुभयो “देशभरका विभिन्न जिल्लाबाट अनुदानमा वितरण गर्ने मौरीका घार यही उद्योगमा निर्माण हुन्छन्, अहिले १० लाखमा युरोपबाट काठ काट्ने आधुनिक उपकरण लिएका छौँ, मौरीको मह बिक्री, मौरीगोलासहितको घार तथा अन्य घार मात्रै बिक्रीबाट पछिल्लो एक वर्षमा मात्रै रु ६५ लाख आम्दानी भयो ।”

केसीका चार छोरामध्ये अहिले दुई छोराले बुबाको सिप र दुःखलाई पछ्याइरहेका छन् । वार्षिक तीन क्विन्टलसम्म मह उत्पादन तथा एक वर्षमा दुई हजार ५०० मौरीका घार उत्पादन गरेर बिक्री गर्दै आएको छोरा जगत केसीले जानकारी दिनुभयो । उहाँले अहिले तीन चरन क्षेत्रमा ३५० मौरीका घारमा मह उत्पादन भइरहेको जानकारी दिनुभयो ।

“बाबाको बिँडो सम्हालेका मात्रै हौँ, बाबाले मौरीपालन गर्दै आउनुभएको थियो, पछि फर्निचरसमेतको काम जान्नुभएकाले आफूलाई चाहिने मौरीको घार आफैँ बनाउने गर्नुभएको छ, घारको माग बढ्न थाल्यो, उद्योगलाई प्रविधिसँग जोड्न मात्रै हामीले सघाएका छौँ” छोरा जगतले भन्नुभयो, “अहिले घार उत्पादन फर्निचरमा छ जनालाई रोजगारी दिएका छौँ, तीन स्थानमा मौरीको चरन क्षेत्र विस्तार गरेका छौँ, चितवनका लागि ४०० मौरीका आधुनिक घार बिक्री गर्ने तयारी छ ।”

केसीले आधुनिक उपकरणबाट काठ काट्ने, जोड्ने तथा रङ्ग लगाउने गर्नुहुन्छ । दुई वर्षअघि २३६ घार भारतको सिक्कमसम्म निर्यात गरेको जिकिर गर्दै उहाँले विभिन्न जिल्लामा अनुदानमा वितरण गर्ने गोलासहित र गोला रहितको घार उत्पादन गर्दै आएको बताउनुभयो । मौरीको गोलासहितको घारलाई रु १० हजार र मौरीको गोलारहितको खाली घारलाई रु चार हजारदेखि रु पाँच हजारसम्म बिक्री गरिएको केसीले जानकारी दिनुभयो ।

आम्दानीको ३० देखि ४० प्रतिशत रकम बचत भएको छ । केसीले गत आर्थिक वर्षमा रु ६५ लाखको मह र मौरीका घार बिक्री गर्दा रु २५ लाख नाफा भएको बताउनुभयो ।

मौरीको घार उत्पादन गर्न टुनीको काठ खरिद, विद्युत् महशुल, कर्मचारी तलबलगातमा उद्योगले लाखौँ रुपैयाँ खर्च गरिरहेको छ । टुनीको काठबाट बनेका घारको माग बढी छ ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बन्धी ३५ दिन सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. मिथलेश्वर निकास वार्ड नं. ७ हाल मिथिला विहारी न.पा. वडा नं. ५. वस्ने आन्नद साह ब्याहुत्त सुडीको छोराहरु जेठो नथुनी साह व्याहुत सुडी र कान्छो जोगेन्द्र साह व्याहुत सुडीले आगे हाम्रो पिता आन्नद साह व्याहुत सुडी मिति २०३४ साल भन्दा अगाबै आफ्नै कालगतीले मृत्यु भईसकेको र आमा सुवधी देवी सुडिको समेत मिति २०३३ साल भन्दा अगावै आफ्नै कालगतीले मृत्यु भईसकेकोले मृत्यु पश्चात निजहरुको सबैभन्दा नजिकको हकदार दुई छोराहरु नथुनी साह व्याहुत सुडी-१ र आन्नद साह व्याहुत सुडी-१ बाहेक अरु कोही अविवाहित दिदिवहिनी समेत मेरो नरहेकोले स्व. आन्नद व्युहतको नाउँमा रहेको तपसिलको छुट जग्गा दर्ता र नामसारीको लागी निजहरुको संयुक्त मन्जुरीनामाले वारेश रामेश्वर मण्डल धानुक मार्फत छुट जग्गा दर्ता एवम नामसारी गरी पाउँ भनी द.नं. १७२४६ मिति २०८१/११/१ गतेको माग निवेदन दाबी बमोजिम हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गर्न मिति २०८१/०२/१३ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धि सुचना प्रकाशन गरिएको छ । तपशिलका उल्लेखित जग्गा छुट जग्गा दर्ता नामासारी भएमा अरु कसैको हक लाग्ने भए वा अन्य कोही हकदार भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए तथा सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, गुठी अधिनस्थ, मठ मन्दिर, शमसान घाट, सुकुमवासी वस्ती ईत्यादी कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारवाही चलाएको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुसंग भएको प्रमाण सहित भुमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा सप्रमाण दावी गर्न/सूचना गर्न आउनु होला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको मागदावीलाई स्विकार गरेको मानी कानुन बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ । यस विषयमा पछि कसैको दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागी सुचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि. नं. | क्षे.फ | फिल्डबुकको कैफियत महल |
|---|---|---|---|---|
| मिथलेश्वर निकास | ६ | ४०१ | ०-५-१४ | यो जग्गा पं. मिथलेश्वर निकास वार्ड नं. ७ मा वस्ने आन्नद साह सुडीको नम्बरी हो । निज मरी निजको स्वास्नी सुवधी साहुले जोती खाएको छ । |

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावी सम्बनधी सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. ठिल्ला वडा नं. ७ हाल सबैला न.पा. वडा नं. ८ बस्ने रामवृक्ष साह सुडीको छोरा सुर्यनारायण महतो सुडीले आगे हाम्रो पिता रामवृक्ष साह सुडीको मिति २०६८/०४/०१ गतेमा आफ्नो कालगतिले मृत्यु भईसकेकोले र आमा रामरति देवी महतो सुडी मिति २०५१/१०/१५ मा आफ्नो कालगतिले स्वर्गवास हुनुभएको र निजहरुको मृत्यु पश्चात हकखाने सबैभन्दा नजिकको हकदार एकमात्र छोरा सुर्यनारायण महतो सुडी बाहेक अरु कोही नरहेको साथै अविवाहित दिदिवहिनी समेत नरहेकोले स्व. रामवृक्ष साह सुडीले तपसिलको छुट जग्गा दर्ता गराई पाउँ भनी दिनुभएको निवेदन उपर कार्यवाही युक्त अवस्थामा नै वहाँको मृत्यु हुनगएकोले सो छुट जग्गा दर्ता नामसारी गरी ज.ध. प्रमाण पुर्जा पाउँ भनी सुर्यनारायण महतो सुडीको द.नं. २१०९१ मिति २०८१/११/११ गतेको माग निवेदन दावी वमोजिम हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशन गर्न मिति २०८२/०२/१३ गतेको आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धि सुचना प्रकाशन गरिएको छ । तपशिलका उल्लेखित जग्गा छुट जग्गा दर्ता नामासारी भएमा अरु कसैको हक लाग्ने भए वा अन्य कोही हकदार भए वा निवेदकको हक नलाग्ने कुनै कारण भए तथा सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, गुठी अधिनस्थ, मठ मन्दिर, शमसान घाट, सुकुमवासी बस्ती ईत्यादी कुनै प्रकृतिको जग्गा भए वा अन्य कसैले कुनै कारवाही चलाएको भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफुसंग भएको प्रमाण सहित भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषामा सप्रमाण दावी गर्न/सूचना गर्न आउनु होला । तोकिएको म्याद भित्र कोही कसैको दावी विरोध नपरे निवेदकको मागदाबीलाई स्विकार गरेको मानी कानुन बमोजिम जग्गा दर्ता नामसारी समेत भई जानेछ । यस विषयमा पछि कसैको दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागी सुचित गरिन्छ ।

**तपसिल**

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|
| रघुनाथपुर | ९ग | ९८ | ०-८-१५ | ज.धः सिसाकलमले रामवृक्ष जनिएको किसिमः दोयम कैफियतः × |
| | | १०२ | ०-४-८ | |
| | | १०७ | ०-४-१५ | |
| | | ११३ | ०-१-११ | |
| | ५घ | ४०६ | ०-२-५ | |

# आँखामा कालोपट्टी बाँधेर सरकारको विरोध




**टुडे समाचारदाता**

जनकपुरधाम । चुरे तथा वनजंगल संरक्षणसहितको सहितको विभिन्न माग राखेर आँखामा कालोपट्टी बाँधेर जनकपुरधामको नगर परिक्रमा गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापन पत्र बुझाएको छ।

आज जनकपुरधाम उपमहानगरस्थित जनक चोक, भानु चोक, मिल्स एरिया हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय अगाडिमा उभेर आँखामा कालोपट्टी बाँधेर अभियानी सुनिल कुमार यादवले मधेश प्रदेश सरकारका प्रतिनिधिलाई ज्ञापन पत्र बभुएका छन्।

चुरे तथा वनजंगल संरक्षण अभियान नेपालका केन्द्रीय संयोजक यादवले आँखामा पट्टी बाँधेर मधेश प्रदेश सरकारका उपसचिव बासुदेव मल्ललाई सात बुँदे ज्ञापन पत्र बुझाएका छन्।

लामो समयदेखि आफूहरु चुरे वनजंगल संरक्षणको लागि आवाज उठाउँदै आए पनि सरकारले कमिसन खानकै लागि चुरेको दोहन गर्न लागिपरेको आरोप अभियानी यादवले लगाए।

अभियानी यादवले बुझाएको सो ज्ञापनपत्रमा हाल संसदमा पेश भएको भुमि व्यवस्था ऐन तत्काल फिर्ता लिन समेत माग गरेका छन्। प्राकृतिक श्रोत माथि भुमाफियाको बर्चस्व बढेर सरकारी वन क्षेत्र समाप्त हुने भएकोले सो ऐन तत्काल संसदबाट फिर्ता लिइ वन जंगल क्षेत्र हटाएर ऐन पेश गर्ने व्यवस्था गर्न समेत सुझाइएको छ।

सो ज्ञापनपत्र बुझ्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव वासुदेव मल्लले प्रदेश सरकार पानी संकटको बारेमा गम्भीर रहेको बताए।

खा ने पा नी का व्यवस्थाअन्तर्गत अल्पकालीन, मध्यकालीन र दिर्घकालिन योजना, कार्यक्रम र बजेट सुनिश्चितता गरि कार्यन्वयनको लागि घोषणा गर्न, मधेश प्रदेशलाई सुख्खा खडेरी र जल संकटग्रस्त क्षेत्र सरकारले घोषणा गरे पनि किसानको लागि तत्कालीन राहत र क्षतिपूर्तिको घोषणा गरि रकम उपलब्ध गराउनुपर्नेलगायतका मागहरु अघि सारेका छन्।

सो ज्ञापनपत्रमा खानेपानीको अविलम्ब व्यवस्था गर र भविष्यमा यस्तो नहोस् भन्नका लागि अल्पकालीन, मध्यकालीन र दिर्घकालिन योजना, कार्यक्रम र बजेट सुनिश्चितता गरि कार्यन्वयनको लागि घोषणा गर , मधेश प्रदेशलाई सुख्खा खडेरी र जल संकटग्रस्त क्षेत्र घोषणा गरे पनि हालसम्म राहतका कार्यक्रम नआएकोले यो सरकारको देखाउने दाँत जस्तो मात्र भएको छ। यसर्थ, किशानको लागि तत्कालीन राहत र क्षतिपूर्तिको घोषणा गरी रकम उपलब्ध गराउ, देशको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको समस्या अध्ययन गरी समाधानका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालिन उपायहरु पहिल्याएर कार्यक्रम र बजेट अविलम्ब घोषणा गर, सुख्खा खडेरी र भुमिगत जल संकट हुनुको मुख्य कारण चुरेभावर क्षेत्रको वन विनाश नै रहेको सर्वविदित्तै छ। चुरेभावर क्षेत्रलाई वातावरण संरक्षण क्षेत्रको रुपमा २०७१ सालमा घोषणा भएपनि कानुनी व्यवस्था सहित कार्यान्वयन नभएकोले अविलम्ब कार्यान्वयन गर, हाल संसदमा पेश भएको भुमि व्यवस्था ऐन यसै अवस्थामा पारित भए वन जङ्गल जस्तो प्राकृतिक श्रोत माथि भुमाफियाको बर्चस्व बढेर सरकारी वन क्षेत्र समाप्त हुने भएकोले उक्त ऐन तत्काल संसदबाट फिर्ता लिइ वन जङ्गल क्षेत्र हटाएर ऐन पेश गर्ने व्यवस्था गर, चुरे भित्रको अवैध अतिक्रमण खाली गराइ ढुंगा गिट्टी बालुवको अवैध दोहन र अवैध क्रसर बन्द गरि वातावरणिय क्षतिपूर्ति असुलउपर गर, र मधेश प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयमा विगतमा दिएको ज्ञापन पत्र उपर छानविन गरी दोसि उपर कारबाही गर्न माग गरिएको छ।

# सिंचाई संकटबीच कृषि ज्ञान केन्द्रका प्रमुखमाथि विभेद

**स्यालो ट्युबेल तथा मोटर वितरण कार्यक्रमको सूचना विभेदपूर्ण ढंगाले केही वडामा मात्र लक्षित गारी जारी गारिएको छ । यसरी सीमित क्षेत्रलाई मात्र सूचित गारिनुले सरकारी योजना वितरणमा समावेशीताको गाम्भीर अभाव देखिएको स्थानीय प्रतिनिधिहरुको टिप्पणी छ ।**

**सञ्जय मिश्रा**

रौतहट । रौतहटका किसानहरू अहिले चरम सुखाडको मारमा परेका छन्। आकाशबाट पानी नपरेको महिनौँ भइसक्दा पनि राज्यको सहयोग पुग्न सकेको छैन। इनार र बोरिङ सुक्दै गएका छन्, खेतमा धान बोट ओइलाउँदै छ, गाईवस्तुका लागि पानी छैन र मान्छेहरू एक गाग्री पानीका लागि घण्टौं लाइन बस्न बाध्य छन्। यस्तो संकटपूर्ण अवस्थामा पनि सरकारी संयन्त्रहरू निष्क्रियजस्तै देखिएका छन्।

यही सन्दर्भमा कृषि ज्ञान केन्द्र रौतहटका प्रमुख सुरेन्द्र प्रसाद कुर्मी विवादमा तानिएका छन् । उनले हालै सार्वजनिक गरिएको 'स्यालो ट्यूबेल तथा मोटर बोरिङ वितरण कार्यक्रम' को सूचना रौतहटका केही सीमित पालिका र वडामा मात्र लक्षित गरी प्रकाशित गरेपछि किसानहरू आक्रोशित भएका हुन्। सूचना सार्वजनिक भएको केही समयपछि सामाजिक सञ्जालमार्फत् व्यापक विरोध जनाइयो। किसानहरू, जनप्रतिनिधिहरू, नागरिक समाजका अगुवा र विभिन्न राजनीतिक दलहरूका प्रतिनिधिहरूले कार्यक्रम तत्काल रद्द गरी नयाँ, निष्पक्ष र समावेशी सूचना प्रकाशन गर्न माग गरेका छन्।

कृषकहरूका अनुसार यो पहिलो पटक होइन कि प्रमुख कुर्मी विवादमा परेका हुन् । किसानहरूले अघिल्लो वर्ष पनि उखु प्रवर्द्धन, बगर खेती, स्यालो ट्यूबवेल लगायतका योजनामा कमिसनको आधारमा योजना वितरण तथा भुक्तानी प्रक्रिया अपारदर्शी बनाएको आरोप लगाएका थिए।

रौतहटका अगुवा कृषक गणेश साह भन्छन्, "योजना दिने नाममा किसानलाई झुक्याउने, अनि भुक्तानी लिने बेला माथिको सेटिङ मिलाउन कमिसन माग्ने काम खुलेआम



भइरहेको छ।" त्यस्तै, किसान रुपेश यादवको भनाइमा, "कुर्मीले सधैं वास्तविक किसानलाई बाइपास गरी बिचौलियामार्फत योजना सम्झौता गर्छन् । यसरी योजनाको लाभ किसानले होइन, दलालले पाउँछन्।"

यसपटक स्यालो ट्यूबेल तथा मोटर वितरण कार्यक्रमको सूचना विभेदपूर्ण ढंगले केही वडामा मात्र लक्षित गरी जारी गरिएको छ । यसरी सीमित क्षेत्रलाई मात्र सूचित गरिनुले सरकारी योजना वितरणमा समावेशीताको गम्भीर अभाव देखिएको स्थानीय प्रतिनिधिहरूको टिप्पणी छ।

वडास्तरका जनप्रतिनिधिहरू, राजनीतिक दलका स्थानीय नेता र नागरिक समाजका अगुवाहरूले कुर्मीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सूचना तत्काल रद्द गरी नयाँ मापदण्डसहित सर्वसुलभ सूचना प्रकाशन गर्न माग गरेका छन् । साथै, सुखाग्रस्त क्षेत्रको तत्काल अनुगमन गरी त्यसलाई प्राथमिकतामा राख्दै योजना बनाउने दबाब पनि दिइएको छ।

कृषक र सरोकारवालाहरूले प्रमुख कुर्मीमाथि छानबिन सुरु गर्न, विगतका योजनाको लेखाजोखा गर्न र प्रमाणसहित जिम्मेवारीमुक्त गर्ने प्रक्रिया अगाडि बढाउनुपर्ने माग गरेका छन्।

कृषि जस्तो संवेदनशील क्षेत्रमा कार्यरत कर्मचारीहरूबाट निष्पक्षता, पारदर्शिता र किसानमैत्री व्यवहार अपेक्षित हुन्छ । तर आरोपहरूले प्रमुख कुर्मीप्रति जनविश्वास खस्कँदै गएको छ।

रौतहटमा सिँचाइ र पानीको चरम संकटले किसानहरूको जीवनस्तर प्रभावित भएको छ । यस्तो बेला राज्य संयन्त्रको निष्क्रियता र विभेदपूर्ण योजना वितरण थप पीडादायी बनेको छ। स्थानीय तह, जनप्रतिनिधि र आम नागरिकको दवाबमा सम्बन्धित निकायले उचित निर्णय गर्ने र कृषिमा पारदर्शी तथा न्यायसंगत प्रणाली विकास गर्नतर्फ अग्रसर हुने अपेक्षा गरिएको छ।

सामाजिक-आर्थिक रूपले कमजोर मधेशका किसानहरू सरकारी अनुदान र सहायतामा निर्भर छन् । त्यसमाथि पनि योजनाहरूको अनियमित वितरण, भेदभावपूर्ण पहुँच, र भ्रष्ट प्रवृत्तिले उनीहरूको आत्मनिर्भरता कमजोर बनाइरहेको छ।

यो घटनाले न केवल स्थानीय तहको प्रशासनिक कार्यशैलीप्रति प्रश्न उठाएको छ, तर सम्पूर्ण कृषि प्रणालीको उत्तरदायित्व र जवाफदेहितामा सुधारको आवश्यकता औंल्याएको छ। यसैबिच कृषि ज्ञान केन्द्रकै विषयमा जिल्लाका केही राजनीतिक दलका नेताहरुले रौतहटका प्रमुख जिल्ला अधिकारी बिनोद कुमार खड्काको ध्यानाकर्षण गराएका छन्।

प्रमुख जिल्ला अधिकारी खड्काले गम्भीरतालाई मनन गर्दै केन्द्रका प्रमुख कुर्मीलाई सबै पालिकालाई समेटेर पारदर्शी रुपमा काम गर्न निर्देशन दिएको बताए।

## डिप बोरिङ योजनामा लालपुर्जा अनिवार्य नबनाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम। जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले डिप बोरिङ जस्ता सिचाइँ योजनाका लागि ' लालपुर्जा' अनिवार्य गर्ने सरकारी प्रावधान तत्काल हटाउन माग गरेका छन्।

यस्तो प्रावधानले गर्दा साना तथा वास्तविक किसान योजना पहुँच बाहिर पर्ने सक्ने भन्दै उनले हटाउन माग गरे।

डा. राउतले कृषि मन्त्रालयका मन्त्री, सचिव, मातहत कार्यालय प्रमुख तथा कृषि ज्ञान केन्द्रका प्रमुखलाई समाजिक सञ्जालमार्फत् सम्बोधन गर्दै "लालपुर्जा जम्मा गर्नुपर्ने अनावश्यक दुःख किन ?" प्रश्न गरे।

मधेशमा अधिकांश किसानसँग नागरिकताको प्रतिलिपि दिन पनि अनिच्छा देखाउने अवस्था रहेको उल्लेख गर्दै ४०-४० बिघाको लालपुर्जा संकलन गर्नु असम्भव रहेको उल्लेख गरे। "फेरि, एक जनासँग मुस्किलले २-४ कट्ठा जमिन हुन्छा त्यसो गर्दा २००/४०० जना किसानसँग समन्वय गरेर लालपुर्जा जम्मा गर्नुपर्ने अवस्था आउँछ, जुन सम्भव छैन", राउतको धारणा छ।

यस्तो झन्झटिलो प्रावधानकै कारण डिप बोरिङजस्ता योजना कार्यान्वयनमै जान नसकेको स्थिति देखिएको स्पष्ट पार्दै "ठुला किसान र जमिन्दारले त डिप बोरिङ सहजै लग्न सक्छन्, तर साना किसान यसबाट बञ्चित भइरहेका छन्," उनको गुनासो छ।

डा. राउतले कृषि क्षेत्रको विकासका लागि वास्तविक किसानमै केन्द्रित नीति आवश्यक रहेको भन्दै लालपुर्जासम्बन्धी अनावश्यक प्रावधान खारेज गर्न सरकारसँग माग गरेका छन्।

# १७ वटा ट्यूबवेल प्रयोगविहिन

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकामा सिचाइँ सुविधाका लागि चार वर्षअघि गाडिएका १७ वटा डिप ट्यूबवेल अझै सञ्चालनमा आउन सकेका छैनन् । विद्युत् गाउँपालिकाको



अढाइ करोड रुपियाँभन्दा बढी लागतमा पालिकाको विभिन्न स्थानमा ती ट्यूबवेल गाडिएको छ। ट्यूबवेल सम्बन्धिका जानकार रामविरोध महतोले ट्यूबवेल समयमै सञ्चालनमा नआएपछि जीर्ण बन्दै गएको जानकारी दिए । उनले ट्यूबवेल गाडिएको केही महिनाभित्र सञ्चालनमा ल्याइसक्नुपर्छ । अन्यथा फिल्टर जाम भएर पानी नआउने अवस्था आएको बताए । त्यस्तै, बालुवा थुप्रिएर बोर होल नै बन्द हुनसक्ने उनको भनाइ छ।

बटेश्वरका राजकिशोर महतोले जमिन मुनिको पानी तानेर खेतबारीमा सिचाइँ सुविधा पुऱ्याउने उद्देश्यले गाडिएको ट्यूबवेल प्रयोगमा नआउँदै जीर्ण हुने अवस्थामा पुगेको बताए। उनले ट्यूबवेल सञ्चालन नआउँदा यहाँका किसान सिँचाइ समस्याले मार परेको बताए । पालिकाले विद्युत लाइन जडान र अन्य आवश्यक उपकरण जडान गरेर ट्यूबवेल शीघ्र सञ्चालन ल्याउनुपर्ने महतोको भनाइ छ।

स्थानीय किसान राजलाल महतोले सिँचाइ अभावकै कारण यो वर्ष धान रोप्न नपाएको बताउनुभयो । ट्यूबवेल सञ्चालनमा ल्याउन पटकपटक माग गर्दै आएको भए पनि सुनुवाइ नभएको महतोले बताए।

अर्का किसान रामनारायण साहले डिप ट्यूबवेल गाड्ने बेला निकै खुसी देखिएका बटेश्वरका किसान ट्यूबवेल सञ्चालनमा नआउँदा निरास भएको बताए । वर्षौंदेखि सिँचाइ समस्या झेल्दै आएका यहाँका किसान यसपाली वर्षा नहुँदा झन् निराश बनेका छन्। सिँचाइ अभावकै कारण खेतबारीबाट पर्याप्त उत्पादन लिन नसकेको उनले बताए।

बटेश्वरर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले प्रदेश सरकारको सहयोगमा १७ वटा ट्यूबवेलमध्ये सात वटामा ट्रान्सफमर जडान गरिएको बताए। उनले विद्युत् लाइन जडानको काम अगाडि बढाइएको भए पनि चालु आर्थिक वर्षमा ट्यूबवेल सञ्चालन ल्याउन नसकिने जानकारी दिए।

उनले भने, "ट्यूबवेल सञ्चालन गर्न समरसिवल मोटर, प्यानल, पाइप लगायत थुप्रै उपकरण खरिद गर्नुपर्छ । त्यसका लागि पालिकामा बजेट छैन ।" चालु आर्थिक वर्षमा विद्युत् विस्तारको काम सम्पन्न गरेर आउँदो आर्थिक वर्षमा ट्यूबवेल सञ्चालनको प्रक्रिया अगाडि बढाउने अध्यक्ष महतोले बताए।

# हतियार प्रयोग गरी बालिकाको हत्या, दुई जना घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा एक बालिकाको हत्या भएको छ भने दुई जना घाइते भएका छन्।

श्रीमती हत्यामा ५ वर्ष कारागार बसेका एक व्यक्तिले सोमबार राति अन्धाधुन्ध खुकुरी प्रहार गर्दा एकजनाको मृत्यु भएको छ भने दुईजना गम्भीर घाइते छन्।

जनकपुरधाम उपमहानगरपालिका-४ स्थित स्वर्गीय सूर्यानन्द चौधरीको एकतले पक्की घरमा डेरा गरेर बस्ने धनुषा क्षीरेश्वरनाथ नगरपालिका-९ स्थित इच्छापुरका ३५ वर्षीय रामबाबु साहले सोमबार राति करिब साढे ११ बजे धारिलो खुकुरी प्रहार गरेर १५ वर्षकी अञ्जलीकुमारी यादवको हत्या गरेका हुन् । जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार अञ्जलीको घाँटी काटिएको छ।

साहले सोही घरमा डेरा गरी बस्ने क्षीरेश्वरनाथ-४ का दिनेश यादवकी श्रीमती ३५ वर्षीया आशा यादवलाई पनि खुकुरी प्रहार गरेका छन्। उनको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको छ। हत्या गरिएकी अञ्जली आशाकी छोरी छन्।

त्यस्तै, त्यही कोठामा बस्ने धनुषा मिथिला नगरपालिका-१ ढल्केवरका भोगिन्द्र यादवकी १४ वर्षिया छोरी राधा यादवमाथि पनि साहले खुकुरी प्रहार गरेका छन् । खुकुरी प्रहारबाट राधाको दाहिने घुँडा र दाहिने हात काटिएको छ।

घाइतेहरुको उपचार जनकपुर प्रादेशिक अस्पतालमा भइरहेको प्रहरीले जनाएको छ।

सो घटनापछि साह फरार छन् । साह आफ्नै श्रीमतीको हत्या अभियोगमा ५ वर्ष जेल सजाय काटिसकेका छन् । यता घटनाको अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ।

# ज्येष्ठ नागरिक संघ मधेशको अध्यक्षमा विजयी किशोर झा

**टुडे समाचारदाता**

रौतहट । मधेश प्रदेश ज्येष्ठ नागरिक संघको अधिवेशन पर्सा जिल्लाको वीरगञ्जमा सम्पन्न भएको छ।

सो अधिवेशनको उद्घाटन सत्र संघका संयोजक जगदीश शर्माको अध्यक्षता र मधेश प्रदेश सरकारका युवा, खेलकूद तथा समाज कल्याण मन्त्री माननीय प्रमोद जयसवालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

उद्घाटन सत्रमा मन्त्री जयसवालले ज्येष्ठ नागरिकप्रतिको कदर र सम्मान समाजको कर्तव्य भएको उल्लेख गर्दै प्रदेश सरकारले ज्येष्ठ नागरिकहरूको हितमा नीतिगत तथा व्यवहारिक पहल गरिरहेको बताए । उनले संघले समाजमा अनुशासन, ज्ञान र अनुभवको आदान-प्रदानका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

यस अधिवेशनबाट संघको नयाँ नेतृत्व सर्वसम्मत रूपमा चयन गरिएको छ। विजय किशोर



झा (रौतहट) संघको प्रदेश अध्यक्ष चयन भएका छन्। अन्य निर्वाचित पदाधिकारीहरूमा प्रथम उपाध्यक्षमा भरत मल्ल (बारा), महिला उपाध्यक्षमा ज्योति शाह (पर्सा), महासचिवमा सूखचन्द्र लाल कर्ण (धनुषा), कोषाध्यक्षमा रविन्द्र प्रसाद सिंह (सर्लाही), सचिवः राम नरेश सिंह (सप्तरी) र उपकोषाध्यक्ष राजेश्वर ठाकुर (महोत्तरी) रहेका छन्।

त्यस्तै सदस्यहरूमा सलमा नेशा खातुन (सर्लाही), महेश्वर लाल कर्ण (रौतहट) लगायतका रहेका छन्।

यस अधिवेशनले मधेश प्रदेशका विभिन्न जिल्लाबाट ज्येष्ठ नागरिकको प्रतिनिधित्व समेट्दै एक समावेशी र अनुभवसिद्ध नेतृत्वको संरचना प्रस्तुत गरेको छ। महिला उपाध्यक्षको चयनले लैङ्गिक समावेशिताको संकेत गरेको छ भने विभिन्न जिल्लाबाट चयन भएका पदाधिकारीहरूले संघलाई प्रदेशभर सशक्त रूपमा विस्तार गर्न सक्ने सम्भावना देखिएको छ।

ज्येष्ठ नागरिक संघहरूले समाजमा अनुशासन, सामाजिक चेतना, अनुभवको हस्तान्तरण, तथा युवापुस्तामा मार्गदर्शनको भूमिका निर्वाह गर्न सक्छन् । मधेश प्रदेशको सन्दर्भमा, जहाँ सामाजिक संरचना अझै परम्परागत मूल्यमान्यतामा आधारित छ । त्यहाँ यस्ता संघहरू सामाजिक संवाद र सहकार्यको महत्त्वपूर्ण माध्यम बन्न सक्छन्।

प्रदेश सरकार र संघबीच सहकार्य बढेमा नीति निर्माणदेखि सेवाप्रवाहसम्म ज्येष्ठ नागरिकका लागि थप सशक्त कार्यक्रमहरू ल्याउन सकिने सम्भावना रहेको छ।

# सवारीसाधन भन्सारमै कबाड

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही भन्सार कार्यालय मलंगवामा समयमै लिलामी प्रक्रिया अगाडि नबढ्दा करोडौं मूल्यका सवारीसाधन खुला आकाशमुनि थन्किएर नष्ट हुने अवस्थामा पुगेका छन्।

यसले राजस्वमा क्षति पुगेको छ। सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीले विभिन्न समयमा नियन्त्रणमा लिएका दुईपांग्रे र चारपांग्रे सवार ीसाधन लामो समयदेखि सर्लाही भन्सार कार्यालयमा थन्किएका छन्।

समयमै लिलामी नहुँदा यी सवार ीसाधन अब प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेका भन्सार कार्यालयका कर्मचारीले नै बताउने गरेका छन्। सर्लाही भन्सार कार्यालयमा राजस्व बुझाउन आएका मलंगवा नगरपालिका-२ का स्थानीय श्यामकुमार साहले लामो समयदेखि थन्किएका सवारी लिलामीमा बेवास्ता गरिएको बताए।

साहले बेलैमा सवारीसाधन लिलामी नगरिँदा राज्यलाई राजस्वमा ठुलो घाटा पुगिरहेको भन्दै चिन्ता व्यक्त गरे। उनले भने, "सुरुमा बरामद गरेर ल्याउँदा राम्रै अवस्थामा रहेका गाडी अहिले कबाडमा परिणत भएका छन्," साहले भने, "यसले त राज्यलाई ठुलो राजस्व घाटा पुगिरहेको छ तर कसैलाई वास्ता छैन।"

चोरी, पैठारी, अवैध सामान ढुवानी तथा नक्कली नम्बर प्लेटसहित प्रयोगमा आएका सवारीसाधनलाई सुरक्षा निकायले नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउँदै आएका छन्। भन्सार कार्यालयका अनुसार यस्ता अधिकांश सवारीसाधन भारतबाट भित्रिएका छन्।

वर्षौंसम्म खुला स्थानमा थन्किँदा गाडीका पाटपुर्जामा खिया लागेको छ भने झाडी बढेर छपक्कै छोपेको छ। भन्सारमा रहेका सवार ीसाधन बिक्रीबाट राज्यले असुल गर्न सक्ने करोडौं मूल्यको भन्सार शुल्क र कर गुमिरहेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

सर्लाही भन्सार कार्यालय मलंगवाका प्रमुख ठाकुर आचार्यले गत आर्थिक वर्ष २०८१/८२ मा सवारीसाधन लिलामी गर्न तीन पटक प्रक्रिया अगाडि बढाइएको भए पनि लिलामी हुन नसकेको जानकारी दिए। प्रमुख भन्सार अधिकृत आचार्यले भने, "लिलामी नभएपछि अब यी सवार ीसाधनलाई सुरक्षितसँग राख्न सेड घर निर्माणका लागि यो वर्ष बजेट माग गरिएको छ।"सुरक्षा निकायले भन्सार कार्यालयमा बुझाएको सवारीसाधन सुरक्षितसँग राख्न र समयमै लिलामी गर्न सम्बन्धित निकाय उदासीन बनेको गुनासो बढ्न थालेको छ।

# समाजवादी मोर्चाद्वारा संघर्ष गर्ने निर्णय

**टुडे समाचारदाता**

काठमाण्डु । समाजवादी मोर्चाले आफ्ना गतिविधिलाई औचित्यपूर्ण ढंगले अघि बढाउने निर्णय गरेको छ।

नेकपा एकीकृत समाजवादीको पार्टी कार्यालय आलोकनगरमा मंगलबार बसेको मोर्चाको बैठकले मुलुकमा बेतिथि बढेको भन्दै त्यसका बिरुद्ध औचित्यपूर्ण ढगले आफ्नो गतिविधिलाई अघि बढाउने निर्णय गरेको छ।

सो बैठकपछि माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले अझ औचित्यपूर्ण र सक्रिय भएर मोर्चा अघि बढ्ने जानकारी दिनुभयो। उहाले पार्टीभित्र अहिले कुनै समस्या नरहेको समेत बताए।

त्यस्तै नेकपा एकीकृत समाजवादीका नेता बामदेव गौतमले मोर्चाको बैठकमा अहिलेसम्मको कामको समिक्षा भएको बताए। उनले भ्रष्टाचार, बेतिथि र देशलाई बर्बादीबाट जोगाउन छिटै ठूलो प्रदर्शन गर्ने निर्णय भएको जानकारी दिए। त्यस्तै नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्माले विविध कारणबस मोर्चाले अपेक्षा अनुसार गति लिन नसकेको भन्दै अब सक्रियताका साथ मोर्चालाई अघि बढाइने उल्लेख गरे।

विगतमा भएका कमीकमजोरीहरुलाई सच्चाएकार अघि बढ्नुपर्ने निष्कर्ष बैठकले निकालेको उनले बताए।

विश्वकर्माले भाद्रको अन्तिमतिर देशव्यापीरुपमा मोर्चाको कार्यक्रमहरुलाई अघि बढाइने जानकारी दिए।समाजवादी मोर्चालाई अहिलेको वस्तुस्थितिमा समाजवादी दिशामा लैजानुपर्छ', उनले भने, 'अर्को देशलाई समाजवादी दिशामा लैजान अन्य पार्टी र समूहसँग छलफल र बहस गरी अगाडि बढाऊँ। फरक ढङ्गले विस्तार गर्दा तार्किक र व्यवहारिक रूपमा लैजाऔं भन्ने निर्णय गऱ्यो।'

त्यस्तै भदौको अन्तातिर देशव्यापी कार्यक्रम लिएर जाऔं। देशैभरी जनसंघर्ष र अन्तर्क्रिया गर्ने निर्णय भएको उनले बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८